मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २१९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असार ११ गते बुधबार (Wednesday, June 26. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बोल्दाबोल्दै उपमेयर बेहोस

*__बिर्तामोड, असार १०।__ इलामको सूर्योदय नगरपालिकाकी उपप्रमुख बजेट भाषण गर्दागर्दै वेहोस भएकी छिन् ।*

*सूर्योदय नगरपालिकाले मंगलबार आयोजना गरेको नगरसभामा बजेट प्रस्तुत गर्दागर्दै उपप्रमुख दुर्गा भट्टराई बेहोस भएकी थिइन् । बेहोस भएकी भट्टराईलाई तत्काल अस्पताल लगिएको थियो । भाषण गर्दागर्दै बेहोस भएपछि उनलाई फिक्कल अस्पताल लगिएको बताइएको छ ।*

# स्थानीय सरकारका नीति कार्यक्रम सार्वजनिक

**बिर्तामोड, असार १० ।** झापाका १५ वटै स्थानीय तहले आर्थिक वर्ष ०७६/०७७ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् ।

संघीय सरकारले स्थानीय तहलाई असार १० गतेभित्र बजेट ल्याउन निर्देशन दिएपछि स्थानीय तहले नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । देशभर अधिकांश स्थानीय तहले असार १० कै मितिमा नीति कार्यक्रम सार्वजनिक गरेका हुन् । केही स्थानीय तहले सहजरुपमा नीति तथा कार्यक्रम ल्याएभने कतिपय स्थानीय तहले विवादका बीच नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् ।

तीन घण्टाको अवरोधपछि कनकाई नगरपालिकाको पाँचौ नगरसभा शुरु भएको थियो । खानेपानी आयोजना निर्माणका लागि बजेटको ब्यवस्था नगरेको भन्दै प्रदर्शन भएपछि नगरपालिकालाई नीति तथा कार्यक्रम सार्वजनिक गर्न तीन घण्टा पर्खनु परेको थियो । प्रदर्शनले नगरसभा अवरोध भएपछि नगरपालिकाका प्रतिनिधि र खानेपानी आयोजनाका प्रतिनिधिबीच छलफल भएको थियो । छलफलमा कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेल,उपमेयर मञ्जु प्रसाईं, प्रदेशसभा सदस्य हिरा थापा, खानेपानीका तर्फबाट ऋषिकेश खतिवडा लगायतले समस्याको समाधान खोजेका थिए ।

खानेपानीका लागि संघीय सरकारबाट आवश्यक बजेट ब्यवस्था गराउने सहमति पछि मात्रै कनकाई नगरपालिकाले नीति तथा कार्यक्रम सार्वजनिक गरेको थियो ।

यता बिर्तामोड, मेचीनगर, अर्जुनधारा, शिवसताक्षी, वाह्रदशी, गौरीगञ्ज, हल्दिवारी लगायतका स्थानीय तहले समेत आर्थिक वर्ष २०७६/०७७ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् । नगरसभाले वडागतका योजनासहित नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । केहीले भने यसअघि नै नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । दमक नगरपालिकाले आइतवार नगरसभा सम्पन्न गरेको थियो ।

यता वाह्रदशी गाउँपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । कृषि, शिक्षा र पूर्वाधारको विकास-वाह्रदशी आर्थिक समृद्धिको आधार भन्ने मूल नाराका साथ गाउँपालिकाले नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

बाह्रदशी गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ का कृषि क्षेत्रलाई प्राथमिकतामा राखे पनि काम गर्न सकेको थिएन । कृषकको भलाइका लागि काम गर्नै नसकेको गाउँपालिकाले आर्थिक वर्ष २०७६/ ०७७ का लागि कृषि क्षेत्रको विकासमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ । किसानको खुशी, कृषि र पशुपालनबाट समृद्धि जस्ता कार्यक्रम सञ्चालन गर्ने गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले बताए । अध्यक्ष राजवंशीले वीजवृद्धि कार्यक्रम, रासायनिक विषादि प्रयोगलाई प्रतिवन्ध लगाउने जस्ता कार्यक्रम अघि सारेको छ । यसैगरी प्रधानमन्त्री कृषि जोन कार्यक्रम,

*(बाँकी अन्तिम पृष्ठमा)*

## मेयरद्वारा ३० लाख नलिने घोषणा

**बिर्तामोड, असार १०।** बिर्तामोड नगरपालिकाका प्रमुख (मेयर) ध्रुवकुमार शिवाकोटीले सरकारले आफूलाई दिने क्षतिपूर्ति नलिने घोषणा गरेका छन् ।

मंगलवार साँझ नगरपालिकामा पत्रकार सम्मेलनको आयोजना गर्दै नगर प्रमुख शिवाकोटीले भने- 'सरकारले मेरो घर र साधनहरुको क्षतिको मूल्याङ्कन गरेर क्षतिपूर्ति गर्ने निर्णय गरेको छ । सरकारको यस्तो निर्णयको म सम्मान गर्न चाहन्छु तर सरकारले दिने भनेको ३० लाख रुपैयाँ भने लिँन्न' ।

नगरप्रमुख शिवाकोटीलाई २० र २३ को मन्त्रिपरिषद्को निर्णयबाट क्षतिपूर्तिवापत ३० लाख रुपैयाँ दिने निर्णय

*(बाँकी अन्तिम पृष्ठमा)*

**सूचना ! सूचना !! सूचना !!!**

यस बजरङ्ग मेडिकल एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि.मा एकजना कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

१) सि.एम.ए/ए.एन्.एम्. -१ जना (महिला)

सम्पर्क :
बजरङ्ग मेडिकल एण्ड डाइग्नोष्टिक सेन्टर प्रालि
बिर्तामोड
फोन : ९८१४०४६७२५/०२३-५४३५१७

**बाथरोगका बिरामीहरूलाई खुशीको खबर**

डा. अन्जल बिष्ट
M.B.B.S. M.D.(Internal Medicine)(NAMS)
Fellowship in Clinical Immunology and Rheumatology (GRIPMER New Delhi)
बाथरोग विशेषज्ञ
NMC-8013


यही असार १३ गते र १४ गते शनिबार वीर अस्पताल काठमाडौंबाट आउँदै हुनुहुन्छ ।

डा. सुधिर गिरी
M.B.B.S. M.D. (Skin & V. D.) (T.U.T.H)
छाला(चर्म) यौन तथा कुष्ठ रोग विशेषज्ञ
NMC. No– 5344
दैनिक सेवा उपलब्ध छ ।

सम्पर्क: प्रान्जल फार्मेसी,
अन्धुवा पुल, उत्तर बिर्तामोड (०२३-५४४८२२, ९८४२६५४३२५)

**Join Entrance Preparation Classes**

➲ B.Tech (Food)
➲ B.Sc. Nutrition & Dietetics
➲ B. Pharma



२०७६ असार १५ गतेभित्र आउने विद्यार्थीहरूलाई विशेष छुट दिईनेछ ।

STAR WORLD ACADEMY (SWA)
Dharan-12, Chatara Line (Infront of Public High School)
Ph.: 025-532636
Mobile No.: 9852056740, 9815368701

## बन्दमा बम आतंक

**झापा, असार १०।** सर्लाहीमा आफ्ना कार्यकर्ताको हत्याको विरोधमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले आह्वान गरेको नेपाल बन्दका कारण मंगलबार झापासहित देशभरको जनजीवन प्रभावित भएको छ ।

नेपाल बन्दका क्रममा विस्फोट, आगजनी र तोडफोडका ५५ वटा घटना भएका छन् । प्रहरी प्रधान कार्यालयले झापा, काठमाडौं, कास्की, चितवन, प्युठान, बाग्लुङ, सिन्धुपाल्चोक, सिन्धुली र सोलखुम्बूका विभिन्न सार्वजनिक स्थानमा ११ थान नक्कली बम फेला परेको जनाएको छ ।

प्रहरीका अनुसार देशका विभिन्न २३ स्थानमा शंकास्पद २३ वस्तुहरु फेला परेका थिए । त्यस्तै ३ स्थानमा सिलिन्डर बम, २ स्थानमा सकेट बम, ४ स्थानमा सुतली बम, ५ स्थानमा प्रेसर कुकर बम, ५ स्थानमा आगजनी, १ स्थानमा तोडफोड, १ स्थानमा टाइम बम, १ स्थानमा आरसीआइडी बम र १ स्थानमा पेट्रोल बम निस्क्रिय पारेको प्रहरीले जनाएको छ । विप्लव माओवादीले कनकाई नदीको पुलमा राखेको प्रेसर कुकर बम सेनाको टोलीले डिस्पोज गरेको थियो । मंगलबार बिहानै कनकाई पुलमा प्रेसर कुकर बम फेला परेको थियो । सोमबार राति भद्रपुर नगरपालिकाको कार्यालयमा राखिएको रिमोट कन्ट्रोलसहितको कुकरबम समेत सेनाले निस्क्रिय पारेको थियो । उक्त बम तीनपटक लगाएर निस्क्रिय पारिएको प्रहरीले जनाएको छ । गृह मन्त्रालयबाट झापाका सिडिओलाई उक्त स्थानमा बम भएको जानकारी आएपछि मात्र घटनाबारे थाह भएको थियो । बमको कारण भद्रपुरवासी आतंकित बनेका थिए ।

इलाम-पाँचथर-रवि सडक खण्डमा समेत मंगलबार शंकास्पद वस्तु फेला परेको थियो । उता मोरङका विभिन्न स्थानमा शंकास्पद वस्तु फेला परेको प्रहरीले जनाएको छ । त्यस्तै चितवनको खैरैनी पर्सा बजारमा शंकास्पद वस्तु फेला परेको थियो । बैतडीमा प्रेसरकुकर बम भेटिएको प्रहरीले जनाएको छ । बाग्लुङको श्रीनगरटोलमा शंकास्पद वस्तु फेला परेको थियो । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले नेपाली सेनाको ब्यारेक नजिकै शंकास्पद वस्तु राखेपछि स्थानीय त्रसित बनेका थिए । बन्दले शिक्षण संस्था, उद्योग, कलकारखाना र बजारहरु समेत ठप्प भएका थिए ।

"व्यवसायिकताको आधार, विद्यालयमा प्राविधिक धार"

**Civil Engineer बन्ने सुवर्ण अवसर**

*आदर्श विद्या मन्दिर माध्यमिक विद्यालय कनकाई -९ घैलाडुब्बा झापामा सिभिल इञ्जिनियरिङ विषयमा शैक्षिक सत्र २०७६ का लागि कक्षा -९ मा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।*

फारम भर्ने अन्तिम मिति : २०७६।०३।२०
प्रवेश परीक्षा हुने मिति : २०७६।०३।२३

**आवश्यकता (WANTED)**

पद : प्रशिक्षक - १ जना ।
योग्यता : सिभिल इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातक गरेको ।
पारिश्रमिक : मा.शिक्षक तृतीय सरह + भत्ता नेपाल सरकारले तोके बमोजिम
पद : सहायक प्रशिक्षक : १ जना
योग्यता : सम्बन्धित विषयमा डिप्लोमा (CTEVT) वा सो सरह
पारिश्रमिक : नि.मा. तृतीय सरह + भत्ता नेपाल सरकारले तोके बमोजिम
उमेर : दुबै पदका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०७६ आषाढ २३ गते ४:०० बजेसम्म ।
सम्पर्क मिति : २०७६ आषाढ २५ गतेसम्म ।
परीक्षा मिति : सम्पर्क मितिका दिन तय गरिने छ ।

धनलाल राजवंशी
अध्यक्ष (वि.व्य.स.)
९८०६०१२१४३

धर्मानन्द निरौला
प्रधानाध्यापक
९८४२६५५७१८/९८१६९५४००२

**पायल्स तथा फिस्टुलाको उपचार छारसुत्रबाट**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **असार** १२, १३, १४ र १५ गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

श्री सुनकोशी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड -७ को

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

*दोस्रोपटक प्रकाशित मिति २०७६/03/10 गते*

यस संस्थालाई तपशिल बमोजिमका कर्मचारी थप गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

तपशिल

१. पदः सहायक लेखापाल — २. संख्याः २ जना
३. शैक्षिक योग्यता : +२ पास — ४.तलबः १४,००० + अन्य सुबिधा
५. आवेदन दस्तुरः रु. २०० (फिर्ता नहुने गरी)
६. आवेदन दिने अन्तिम मितिः २०७६/03/१५ गतेसम्म
७.आवेदकको उमेरः १८ वर्ष पूरा भई ३५ ननाघेको, महिलाको हकमा ४० ननाघेको
८.संलग्न गर्नुपर्ने कागजात : नेपाली नागरिकताको प्रतिलिपि,व्यक्तिगत विवरण ( बायोडाटा) शैक्षिक योग्यताको प्रमाणपत्र,कम्प्युटर प्रमाणपत्र
९.परीक्षाको किसिमः प्रयोगात्मक, लिखित र मौखिक
११. परीक्षा मिति र स्थान आदिका विषयमा पछि जानकारी गराइनेछ ।
१२.आवेदन दिने स्थानः संस्थाको मुख्य कार्यालय (सोमबार बाहेक)

थप जानकारीका लागिः ०२३-५४१४८९, ९८५२६२३६७७, ९८१४९१४९४९

- पदपूर्ति समिति



## स्थानीय...

लगानी फर्म, गोठ सुधार कार्यक्रम, नश्ल सुधार जस्ता कार्यक्रम नीति तथा कार्यक्रममा समेटेको छ।

गाउँपालिका प्रमुख राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष रत्नाकुमारी राजवंशीले गरेकी थिइन्। प्रदेश सांसद, पूर्णसिंह राजवंशीको प्रमुख आतिथ्यमा भएको गाउँसभामा नेपाली कांग्रेसका नेता दयानन्द गोश्वामी, नेपाल रेडक्रस सोसाइटीका ओमप्रकाश गौतम, संविधानसभा सदस्य हरिप्रसाद राजवंशी, जिल्ला समन्वय समिति झापाका सदस्य महेशलाल राजवंशी, उद्योग वाणिज्य संघ राजगढका अध्यक्ष खगेन्द्रबहादुर कार्की, विद्यानन्द गोश्वामी लगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन वडानम्वर १ का अध्यक्ष शम्भुसिंह राजवंशीले गरेका थिए।

उता गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष दीपिन्द्र थापाले गाउँ सभामार्फत सार्वजनिक गरेको नीति, कार्यक्रम तथा बजेटमा नयाँ कार्यक्रमभन्दा पनि पुरानै कार्यक्रमहरुलाई महत्वकासाथ निरन्तरता दिँदै महत्वाकांक्षी योजनालाई समावेश गरेका छैनन्। नीति तथा कार्यक्रममा कृषि क्षेत्रमा किसानहरुको जीवनस्तर उकास्न कृषि क्षेत्रमा आधुनिकीकरण, सिंचाई सुविधा, ग्रामीण कृषि सडकसाथै उपयुक्त कृषि प्रविधिको विकासका लागि जोड दिने उल्लेख गरिएको छ।

किसानहरुलाई पशुपालन, वाली विमाका लागि यसै वर्षदेखि प्रोत्साहन वर्द्धक कार्यक्रम ल्याउनकासाथै रासायनिक मललाई निरुत्साहित गरी प्राङ्गारिक खेतीतर्फ प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने नीति तथा कार्यक्रममा उल्लेख छ।

गाउँपालिका उपाध्यक्ष थापाले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा ३४ करोड ९३ लाख ५३ हजारको वजेट सार्वजनिक गरिएको छ। गौरीगञ्ज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यका अनुसार यो वजेट सामाजिक सुरक्षा भत्तावाहेक रहेको छ।

गाउँपालिका अध्यक्ष बाबुराजा श्रेष्ठको सभापतित्वमा सम्पन्न अधिवेशनमा वडा अध्यक्ष मखना महतो गैदार, कार्यपालिका सदस्य रीता तामाङ, वडा सदस्य उदिमकुमार राई लगायतले बोलेका थिए। वडा नं. १ का वडा अध्यक्ष कार्तिकलाल राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन वीरेन्द्र खड्काले गरेका थिए।

## मेयर...

भएको थियो। २०७४ साल कात्तिक १० गते घर र सवारी साधनमा भएको क्षतिको मूल्याङ्कन गर्दै मन्त्रिपरिषदले उक्त रकम दिने निर्णय गरेको थियो।

साथीको घरमा खेल्न गएका अर्जुनधारा-११ का बालक लक्ष्मण शिवाकोटी नजिकैको पोखरीमा मृत भेटिएपछि हत्याको आरोपमा स्थानीयले गरेको आन्दोलनका क्रममा उनको घर र गाडी तोडफोड भएको थियो। सोही आन्दोलनका क्रममा प्रहरीले चलाएको गोली लागेर अर्जुनधारा-५ का ३२ वर्षीय नरेश थापाको मृत्यु भएको थियो।

त्यस्तै सोही आन्दोलनका क्रममा मणि नेपाली गोली लागेर गम्भीर घाइते भएका थिए।

पत्रकार सम्मेलनमा नगरप्रमुख शिवाकोटीले गृह मन्त्रालयले गठन गरेको छानविन आयोगले दिएको प्रतिवेदनलाई आधार मानेर मन्त्रिपरिषदले गरेको क्षतिपूर्तिको निर्णयका वारेमा सञ्चार माध्यममा आएका समाचारले आफ्नो भावनामा ठेस पुगेको समेत बताएका थिए।


### तु-आवश्यकता

१) कुक – २ जना (चाइनिज+इण्डियन)
२) वेटर – २ जना
३) क्लिनर –१ जना

सम्पर्क :
डिस फुड होटल एण्ड लज
९८०६००८७११






**दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लि.**
कनकाई नगरपालिका वडा नं. ३, सुरुङ्गा(झापा)

### कर्जा चुक्ता गर्ने बारे सूचना

तेस्रो पटक प्रकाशित मिति : २०७६/०३/११

यस दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लि. कनकाई नगरपालिका वडा नं. ३ सुरुङ्गाबाट बिभिन्न समयमा कर्जा लिई भाका नाघी पटक पटक ताकेता गर्दा समेत कर्जा नतिरी भाका नाघेका ऋणीहरुले मिति २०७६ साल असार १५ गते भित्रमा आफूले तिर्न बाँकी रहेको ऋण तिरी संस्थालाई सहज बनाइदिनुहुन अनुरोध छ। उक्त भाकाभित्र ऋण चुक्ता नगरे कानुन अनुसार त्यस्ता ऋणीहरुको राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा तीन पुस्ते खुलाई नाम सार्वजनिक गर्ने कुराको व्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ।

ऋण समिति
**दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लि. सुरुङ्गा**



### बिक्रीमा

**टैरेक्स, ब्याक्हो लोडर**

मोडल नं. : Tx-760 इन्जिन पावर : 67 KW
बनेको साल : 2009 मास : 7560 KG
डिजल जेनेरेटर : ६३ KVA (किलोस्कर)
मूल्य : आपसी समझदारीमा
मेसिन रहेको ठाउँ : मेचीनगर –१५, ज्यारिगढी
सम्पर्क नं. : ९८५२६२०५८५/९८६२७७७०८३
समय : विहान १० बजेदेखि ५ बजेसम्म



### वितरक चाहियो

पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्नका लागि केही वितरकको आवश्यकता परेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

पद : वितरक २ जना – धुलावारी क्षेत्र
पद : वितरक केही – बिर्तामोड क्षेत्र
आफ्नै साइकल भएको र स्थानीय हुनुपर्ने छ।
तलब : आपसी समझदारीमा
सम्पर्क : ९८१५०६३६३८ धुलावारी
९८०७९१०२२२ बिर्तामोड


### भावपूर्ण श्रद्धाञ्जलि/समवेदना



जन्म
२००११२१०६
सोमबार

निधन
२०७६१०२१३२
शनिवार

स्व. ओमप्रकाश साहेवाला

भद्रपुर नगरपालिका ६ नम्बर वडा कार्यालयका सदस्य तथा हाम्रा आदरणीय दाजु अजय साहेवालाका पुजनीय पिता, सामाजिक एवम् धार्मिक व्यक्तित्व, झापा उद्योग संघ जिल्ला कार्य समितिका पूर्व महासचिव, भद्रपुर –६ बस्ने **ओमप्रकाश साहेवाला**को ७५ वर्षको उमेरमा २०७६ साल जेष्ठ ३२ गते शनिबारका दिन असामयिक निधन भएकोले हामीलाई स्तब्ध तथा मर्माहत बनाएको छ। यस शोकपूर्ण घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

साथै दुःखको यस घडीमा रहनु भएकी उहाँकी धर्मपत्नी मैनादेवी साहेवाला, भाइहरु : बनवारीलाल, सोमभगत, नरसिंह, शिवकुमार साहेवाला, छोरा–बुहारीहरुः सन्तोष/ रञ्जना, अजय/रश्मी, गोविन्द/ज्योति साहेवाला, छोरी–ज्वाँइहरु : सुनिता/राजकुमार अग्रवाल, सरोज/पवन भगत, बबिता/सन्दिप जेजानी तथा नाति–नातिना लगायत सम्पूर्ण साहेवाला परिवारमा पर्न गएको अपूरणीय क्षति सहन गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

**प्रकाश शर्मा** - वडासदस्य भद्रपुर नगरपालिका –६
**प्रमोद गुप्ता** : भद्रपुर –५, झापा


### बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस।





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

# समस्या बढ्न नपाओस्

**'दुई पात एक सुइरो टिपन साँइलीवरी चियाबारीमा' यो अत्यन्त कर्णप्रिय तत्कालीन नेपाली समाजमा भिजेको गीत थियो । अझ दार्जीलिङको प्रभावले छोएको झापा, इलाम, पाँचथर लगायतका पूर्वी नेपालका नेपालीका लागि यो गीत आफ्नै जीवनसँग जोडिएको लाग्थ्यो । ब्रिटिश सरकारले भारतलाई कब्जा गरिसकेपछि ठाउँ र आवश्यकता अनुसारको विकास गर्‍यो । त्यही मेसोमा भारत पश्चिम बंगालको दार्जीलिङ जिल्लामा चिया रोपण गरायो । चियालाई चाहिने हावा, पानी र माटोको अनुकूलताका कारण शुरु भएको कृषि कर्म नेपालतिर पनि सर्‍यो । गुणस्तरीयताका कारण दार्जीलिङ चियाले आर्जन गरेको विश्वासमा 'दुई पात एक सुइरो' को विशेषता भने कायम नै छ ।**

**त्यही समय दार्जीलिङबाट बिरुवा ल्याएर उस्तै प्रकृति, हावापानी, माटो र उचाइ भएको इलाममा चिया रोपण थालियो । सरकारको अग्रसरतामा स्थापित चिया बगानले कालान्तरमा इलाममा चिया उत्पादन गर्‍यो । क्रमशः उसको उत्पादन भारत लगायत पश्चिमा मुलुकसम्म भयो । स्वाद, गुणस्तरीयताले इलाम चियाले दार्जीलिङ चियाकै बराबरीको लोकप्रियता हासिल गर्‍यो । परिणाम चिया रोपण एक–दुई निजी हुँदै झापासम्मै सरकारी स्तरबाटै चिया रोपण हुँदै उत्पादनको काम पनि हुन थाल्यो ।**

**पछिल्लो समय मजदुर र व्यवस्थापनका बीच कतिपय विषयमा असमझदारी बढ्दै जाँदा द्वन्द्वको अवस्था पनि आयो । उत्पादक किसान, मजदुर, व्यवस्थापन र कारखाना मालिकहरुका बीचको असहमति, विवाद र द्वन्द्वले बगान बन्द भए । चियापत्तीले मूल्य नपाउँदा बाटोमा पोख्ने, काम बन्द गर्ने, सडक संघर्ष लगायतका विरोधका कार्यक्रम गरिए । नगदेबाली ठानेर खाद्यान्नको सट्टा चिया रोपण गरेका साना किसानहरु समेत यसबीचमा हतोत्साही भए । परिणाम स्वरुप चिया मासेर कतिपय किसान फेरि खाद्यान्नको उत्पादनमा लागेका छन् ।**

**एकातिर उत्पादक वर्ग हरियोपत्तीको मूल्य नपाएर निराश छन् भने अर्कोतिर कारखाना सञ्चालक हरियोपत्तीको गुणस्तर खस्किँदै गएको बताउँछन् । सरकार यी सबै पक्षका बीच समन्वय, सहयोग र सहकार्य गर्न तयार छैन । सरकार न हरियोपत्तीको सर्वमान्य गुणस्तरका लागि 'दुई पात एक सुइरो' पछ्याउँछ न त उत्पादित हरियो वा तयारी चियाको उचित मूल्यसहितको बजार व्यवस्था गर्न तयार छ । त्यही पीडाबाट आजित इलामको सूर्योदय नगरपालिकाभित्रका उद्योगीहरुले उद्योग नै बन्द गरेका छन् । पैतालिस हजार रोपनीमा हुँदै आएको चियाखेती बन्द हुँदा त्यसमा कार्यरत मजदुर, किसान र तिनका आश्रित परिवार बिचल्लीमा पर्ने भएका छन् । त्यसकारण समस्या छिप्पिन नपाई समाधामन खोज्न सम्बद्ध पक्षले बेलैमा सजगता अपनाउनुपर्छ ।**

# घेराबन्दीमा ओली सरकार



**चिन्तामणि दाहाल**

**अवस्था :**

केपी ओली नेतृत्वको बामपन्थी सरकार अहिले आफ्नै कारणले चौतर्फी घेराबन्दीमा परेको छ भने आलोचित पनि भइरहेको छ। सरकारका मन्त्री र विभिन्न अंगको काम गराइले ओली सरकार आफ्नै पार्टीका सांसददेखि कार्यकर्तासम्म र समर्थकहरु माझ पनि आलोचित भइरहेकै छ।

विपक्षीहरु त यसै पनि असन्तुष्ट भएर विरोधमा उत्रने नै भए। त्यसमाथि कुनै पनि पार्टीको प्रभावमा नरहेका अहिलेका ७० प्रतिशतभन्दा बढी युवा जो प्रविधिसँग खेल्छन् उनीहरुको असन्तुष्टि अलग्गै रहेको छ।


सांसदहरुले संसदमै आफ्ना असन्तुष्टि सार्वजनिक गरिरहेका छन्। गृहप्रशासनको विश्वास गरिरहेका छैनन्। गृहमन्त्रीकै जवाफमा सत्ताधारीकै सांसद सन्तुष्ट भएका छैनन्। चाहे त्यो कञ्चनपुरकी निर्मलाको बलात्कारपछि हत्याको मुद्दा होस् वा हालै सिराहाको लालबन्दी माथिको जंगलमा प्रहरी कारवाहीमा मारिएका भनिएका विप्लब नेतृत्वका सिराहा इञ्चार्ज कुमार पौडेलको घटना होस्। पूर्व गृहमन्त्री भइसकेका नेकपाकै सांसद जनार्दन शर्माले पञ्चायती शैलीमा पौडेलको हत्या भएको आशंका गरेका छन्। उनले प्रश्न उठाएका छन्, गोली हानी मारिएका पौडेलको हात सात ठाउँमा भाच्चिएको भनिएकोले उनलाई मुठभेडमा मारिएको होइन भन्ने तर्क गर्ने प्रशस्त ठाउँ छ।

त्यस्तै गुठी विधेयकमा भएको विरोधले जनआन्दोलन २ को स्मरण गराएको भनिएको छ। परम्परा, संस्कृति र सभ्यतामा परिवर्तन गर्ने प्रयास गर्नु पूर्व सरोकारवालासँग पर्याप्त छलफल नहुँदाको परिणाम हो गुठी विधेयकविरुद्ध काठमाडौंमा उत्रिएको मानव सागर। यस विधेयकले काठमाडौंका खासगरी नेवार समुदायले ज्वाई नारायण (ओलीजी नेवारका ज्वाईं हुन्)को कार्यशैली मन पराएनन्। गुठी विधेयकले ओली सरकारविरुद्ध जनमत तयार गर्‍यो। काठमाडौं उपत्यकाका नेकपाकै सांसद पनि ओली सरकारको कार्यशैलीविरुद्ध बोले।

त्यसैगरी आम जनताको आक्रोशलाई सरकारका प्रवक्ता गोकुल बास्कोटाको अभिव्यक्ति गुठी प्रथा भनेको सामन्तवादको प्रतिक हो भन्ने र गुठी विधेयक राष्ट्रियसभामा दर्ता गर्ने मन्त्री पदमा अर्यालको केहीले जनतालाई भ्रमित र उत्तेजित पारेको भन्ने भनाई तथा प्रधानमन्त्री ओलीको पनि त्यही आशयको भनाईले आगोमा घ्यू थप्ने काम गर्‍यो। यो जनमतलाई उल्टाएर अब आफ्नो पक्षमा पुनः ल्याउन नेकपाको सरकारलाई हम्मे पर्छ।

**अरु प्रसंग :**

एकातिर गुठी विधेयक फिर्ता लिने काम शुरु भइसकेर पनि नथामिएको विरोध प्रदर्शन, हिंसात्मक गतिविधि गर्ने राजनीतिक दलका नेताको हत्याका



घटनामा पनि सत्ताधारी सांसदकै सहानुभूति, विज्ञापन नियमन गर्ने नीतिको केवल टिभी प्रसारकको विरोध तथा पूर्ण प्रेस स्वतन्त्रताविरुद्ध संसदमा दर्ता भएको मिडिया काउन्सील विधेयकविरुद्ध देशैभरका सबै पक्षका पत्रकारको सक्रिय विरोधकै अवस्थामा केही अन्य विधेयकका कारण संवैधानिक अंगकै आयुक्त पनि सरकारले पेश गरेको विधेयकविरुद्ध उत्रनुले आखिर मेरो सरकार भन्ने ओलीजी कहाँ चुकिरहेका छन् भन्ने अहम् प्रश्न खडा भएको छ।

मानव अधिकार आयोगका लागि ल्याइएको विधेयकको पनि विरोधै भएको छ। औद्योगिक नीतिको पनि विरोधै भएको छ, हरित उद्योग मानिएको विशुद्ध कृषि क्षेत्रको चिया बगान लगाउनेलाई कृषक नमानेर रासायनिक मल नदिनु भन्ने सरकारको नीतिले कसलाई पोस्न खोजेको भन्ने कुराले चिया कृषक अचम्मित भएका छन्। कि चिया बगान लगाउने जो एक विगाहदेखि पाँच सय विघाका मालिक पनि छन्। तिनीहरुलाई कुन आधारमा कृषक नमानेर धानखेती गर्नेलाई मात्र किसान मानेको हो भन्ने परिभाषा कृषिमन्त्रीको मात्रै हो कि ओलीजीको पनि हो।

शिक्षा क्षेत्र त्यत्तिकै आलोचित भइरहेको छ। कहिले निजी क्षेत्रसँग सहकार्य गर्ने भनेको छ भने कहिले निजी क्षेत्रलाई मास्ने भनेको छ। कहिले दश बर्षको अवधिभित्रको कुरा गरेको छ भने निजी स्कूल चलाउने अनुमति स्थानीय तहलाई दिने भनिएको छ। यो कस्तो दाहोरो चरित्र देखाएको हो ओली सरकारले प्रष्ट भएको छैन।

स्थानीय तहका प्रमुखहरु पनि अहिलेको सरकारले अधिकार आफैंसँग राखेर नियन्त्रित गर्न खोज्यो भनेर असन्तुष्टि पोखिरहेका छन् भने प्रदेश सरकारको असन्तुष्टि झन ठूलो छ। मुख्यमन्त्रीहरुले आफ्ना असन्तुष्टि विभिन्न ढंगले पोखिरहेका छन्। त्यसमाथि लोकसेवा आयोगले निकालेको विज्ञापनका कारण सर्वोच्च अदालतमा मुद्दा नै परेको छ।

भ्रष्टाचार नियन्त्रण गर्छु भनेर लागेको सरकारका अवयवहरुमा विविध भ्रष्टाचारका काण्ड मच्चाइरहेका छन्। त्रिभुवन विश्वविद्यालय जो पञ्चायती व्यवस्थामा समेत निश्कलंक भएकोमा अहिले आएर सेवा आयोगका पदाधिकारीको काम र परीक्षा नियन्त्रण कार्यालयको बदमासीका कारण बदनाम भएको छ। यसको दोष पनि ओली सरकारकै हो।

आफ्ना मातहतका अंगहरुमा भ्रष्टाचार तथा अनाचार रोक्न नसक्नुलाई अरुलाई पन्छाएर पानीमाथिको ओभानो बन्न पाइन्न। उनीहरुले गरेका राम्रा काम जति भेला पारेर सरकारका उपलब्धि भन्न नथाक्ने ओली सरकारले उनीहरुले गरेका नराम्रा कामको पनि जिम्मेवारी लिनु पर्छ। अर्कातिर अधिकांश स्थानीय तह भ्रष्टाचारको दलदलमा फँसेको कुरा अबको लेखा परीक्षणबाट उजागर हुँदै जान्छ।

**कारणहरु :**

विधेयकको व्यापक विरोध यसैपाली भएको हो। यसअघिका सरकारले पनि विधेयक ल्याएकै थिए। ती विधेयक अहिलेका भन्दा कम क्रान्तिकारी थिएनन्। त्यसवेलाका सरकारले सरोकारवलासँग छलफल गरेर मात्र विधेयक पेश गर्थे। तर, अहिले सरोकारवाला के जान्दछन् र हामी नै जान्ने हो भनेर विधेयक ल्याइएका र केही सरोकारवालासँग छलफल गरेपनि उनीहरुको कुरै नसुनिएकाले पनि विधेयक दर्ता भएपछि व्यापक विरोध भएको हो।

त्यसमाथि सांसदहरुलाई थपडी बजाउने पात्र मात्र ठानेर सरकारले कर्मचारीका हातबाट मस्यौदा पेश गर्न लगाएर संसदमा विधेयक पेश गरेकाले पनि स्वयम सरकारकै सांसदले पनि विधेयकको विरोधमा आवाज उठाएका हुन्।

यी अव्यवस्थालाई हटाउन संसदीय व्यवस्थामा सांसद र संसदलाई क्रियाशील बनाउनुपर्छ। सरकारले कानून चाहियो भन्नुपर्छ तब सभामुखले कानूनको मस्यौदा तयार पार्न सांसदहरुबाट समिति बनाउँछन्। सांसदहरुले विज्ञहरुसँग, सरोकारवालाहरुसँग तथा मन्त्रालयका सचिवहरुसँग सम्पर्क र सल्लाह लिएर मस्यौदा बनाउँछन्। त्यो मस्यौदा संसदबाट आवश्यक प्रक्रिया पार गरी पारित भएर कानुन बन्छ। अहिले त्यसको उल्टो छ। कानून बनाउने शैली पञ्चायतकै छ। व्यवस्था संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्र भइसक्यो। नमिलेको यहीं हो।

# सरकारसँग हत्याविरुद्धको प्रतिरोध...

व्यापक दमनको तयारी गर्दैछ भन्ने बिषय सरकारका व्यवहारहरुले स्पष्ट गरिरहेको सबैले बुझिरहेकै थिए।

सरकार फाँसीवादी बन्दै गएको थियो- पूर्वको भोजपुर टैम्केमयुङमा जेष्ठ ७ गते नेकपाका युवा तीर्थराज घिमिरेलाई पक्राउ गरी निर्घात कुटपिटपछि हत्या गरियो र मुठभेटको कथा रचियो। यो हत्या सरकारको नियोजित चालबाजी थियो। स्रोतका अनुसार- भोजपुरमा विप्लवको सेनाको गतिविधि रहेको जानकारी पाएपछि १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राई, डिआइजी केदार रिजाल, प्रदेशकै अन्य केही मन्त्री, भोजपुरका सिडिओ भेला भएर ठूलो अपरेसन गर्ने योजना बनाइ नरसंहार गर्न प्रहरी परिचालन गरिएको थियो। उक्त बैठकमा बिगतदेखि नै बिद्रोही नेकपाप्रति दुश्मनी व्यवहार गरिरहेका प्रदेश १ का मुख्यमन्त्री र अन्य केही मन्त्रीले जत्रो सुकै घटना घटे पनि पछि हल गरौंला भनेर प्रहरीलाई पठाएको कुरा खुल्नमा आएको छ। प्रहरीहरु त्यो हिसाबले तयार भएर गए पनि पिआइ गरिरहेका युवा तीर्थराजलाई समाएर मार्न पुग्यो र अर्का एकजना युवा त्यहाँबाट उम्कन सफल भएका थिए।

त्यस घट्ना पछि तीर्थराजलाई महासचिव विप्लवले शहीद घोषणा गर्दै चरणबद्ध संघर्षका कार्यक्रमहरु सार्वजानिक गरे। फाँसीवादी अल्बर्टो फुजिमोरी र ज्वतिबसुको नयाँ संस्करण सरकारले बिद्रोही नेकपालाई बिरोध संघर्ष गर्न बाँध्य बनाएको थियो। सोही क्रममा नेकपाले आयोजना गरेको १४ गतेको नेपाल बन्दको पूर्व सन्ध्यामा बन्द संघर्षलाई प्रभावकारी बनाउने तयारी गरिरहेका होनाहार पाँच जना युवाको शहादत हुन पुग्यो। बन्दको पूर्व सन्ध्यामा शहादत हुने दीपेन्द्र, निरन्तर, प्रज्ज्वल र रामकुमारको मृत्यु यही सरकारको कारण भएको थियो। र, यो सरकारको अर्को हत्या शृंखला थियो।

त्यसपछि असार ५ गते दिउँसो अचानक एउटा खबर आयो सर्लाहीका इञ्चार्ज कुमार पौडेलको प्रहरीसँगको दोहोरो भिडन्तमा मृत्यु भएको छ। उनको साथबाट पेस्तोल बरामद भएको छ, अन्य तीन जना भाग्न सफल भएका छन्। सरकारले यस्तो प्रचार गर्‍यो। यद्यपि ५ गतेको समाचार पछि परिवारले तीन दिनपछि शव बुझुञ्जेलसम्म प्राप्त तथ्यलाई आधार मानेर हेर्दा कुमार पौडेको दोहोरो भिडन्तमा नभएर फेक इन्काउन्टरमा हत्या भएको पाइएको छ। पौडेललाई कुटपिट गरी दुईवटै हात भाँचेको हातको अस्वभाविक अवस्था प्रस्ट देख्न सकिन्छ। उनको छेउमा फालिएको रिभल्वर उनको नभएर त्यो प्रहरीले नै राखिदिएको स्पष्ट हुन्छ। किनकि उनको शव घिसारेर त्यहाँ पुर्‍याइएको जमिनको अवस्था हेरे पछि प्रस्ट देखिन्छ। शव घिसार्दा पेस्तोल कसरी घिश्रियो ? र भिडन्त गर्दागर्दै मारिएका हुन भने शव किन घिसार्नु पर्थ्यो ? उनको टाउकोमा गोली नजिकैबाट हानिएको बुझ्न सकिन्छ। घटनास्थलको अवस्था, शवको स्थिति र त्यस अघि-पछिका क्रिया-प्रतिक्रियाको आधारमा जो कोहीले सहजै अनुमान लगाउन सक्छ कि पौडेल हत्या भिडन्त होइन यो नियोजित फेक इन्काउन्टर हो भनेर। यस हत्याको उचित छानविन गरी तथ्यहरुको आधारमा सत्य सार्वजनिक हुने कुरामा आम नागरिक आशाबादी छन्।

यसरी राज्य दमन तीव्र बन्दै गएको छ। निहत्था नागरिकहरुको पञ्चायतीशैलीमा हत्या गर्न थालिएको छ। झुटा मुद्दाहरु लगाउन थालिएको छ। सर्च एण्ड एरेस्टको नाममा एरेस्ट एण्ड किलको नीति सरकारले लिएको देखिन्छ। पक्कै पनि सरकारको यो कदमले द्वन्द्वको संकेत गरेको छ। र, सरकारी दमनको सम्भावित प्रतिरोधले निम्त्याउने आगामी अवस्थाको बिषयमा सबै गम्भीर बन्नुपर्ने देखिन्छ।

**अब के हुन्छ ?**

देशमा विद्यमान जनताका समस्या र संकटहरु राजनीतिक समस्याहरु हुन्। यसको सम्बन्ध प्रत्यक्ष राजनीतिसँग हुन्छ। जनताहरुले माग्ने अधिकारहरुको गुदि कुरानै तिनै आधारभूत आवश्यकताका बिषयहरुकै सेरोफेरोमा छन्। ती हुन गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा। यी बिषयहरुको सुनिश्चितताको लागि जनताले सरकारसँग माग राखे त्यो २००७/०१७/०३५/०३६/०४६/०५२/०६२/०६३ सालहरुमा जनताले आफ्ना मागहरुलाई उत्कर्षमा प्रकट गरेका थिए। सरकारले ती मागहरु सम्बोधन गर्नु त कता-कता उल्टो दमन, हत्याको नीति लियो। हजारौं नागरिकहरुको कत्लेआम गर्‍यो। जनताले व्यवस्था ढाल्दै यहाँसम्म आइपुगे तर नाममा फरक भनिए पनि सारत जनता माथिको लुट र शोषण रोकिएन बरु झन बढ्यो। जनताले रुपमा सत्तालाइ जिते पनि सारमा त्यही पुरानो सत्ताको चरित्र नयाँ संस्करणमा नयाँ पात्रहरुको साथ हालसम्म शासन सत्तामा छ।

जनताका आधारभूत बिषयहरु जोडिएका जनताका प्रस्तावहरु राजनीतिक बिषयहरु हुन्। ती ज्यूका त्यूँ छन्, त्यसैले आजको मितिमा पनि जनताले आफ्ना मागहरु राख्न पाउनु, बोल्न पाउनु र बिद्रोह गर्न पाउनु जनताको अधिकारको बिषय हो। राणाहरुको शासन सत्तामा जनताले उठाएका सामान्य मागहरुबाट आत्तिएर त्यतिबेला होनाहार युवाको हत्या गरियो। पञ्चायतले कयौंको हत्या गर्‍यो, धनकुटा खुकुछिन्ताङ हत्या काण्ड, झापाका होनाहार युवाको हत्या, भोजपुरमा युवाको हत्या, भिमदत्त पन्तको हत्या , जनयुद्धमा दशौं हजार युवाको हत्या यसरी सत्ता सञ्चालकहरु जनताको हत्या गर्दै आइरहेका छन्। यिनै बलिदानका कथाहरुमा नायकको भूमिका खेल्ने पात्रहरु प्रकारान्तरमा खलनायकमा रुपान्तरित हुँदै फेरि त्यही हत्या शृंखलालाई आफैंले निरन्तरता दिइरहेका छन्। कुमार पौडेको हत्या त्यसकै निरन्तरता हो। यो हत्यासम्म आइपुग्दा कयौं सवाल जवाफहरु पैदा भएका छन्।



वर्तमान दलाल पुँजीवादी संसदीय सत्ता नै बिद्यमान सबै संकटको मुख्य कारकतत्व हो। र, यसको समाधान वैज्ञानिक समाजवादी सत्ताले मात्र गर्न सक्छ। वैज्ञानिक समाजवादी सत्ताको विकल्प दिएर आफ्ना कार्यक्रमहरु अगाडि बढाएको नेकपा आफ्ना योजनाहरुबाट पछाडि हट्ने छैन। किनकि यो प्रस्ताव समाज विकासको नियममा अनिवार्य शर्त हो। र, यो पुरानो सत्तालाई निषेध गर्दै कुनै पनि हालतमा स्थापित भएरै छाड्ने छ। वर्ग प्रधान समाजको अनिवार्य संघर्षको नियममा मुख्य सुचालकको स्थान बनाएको एकीकृत जनक्रान्तिको कार्यदिशा, पार्टी र त्यसका सुव्यवस्थित शाखा प्रशाखाहरुको विघटन, विसर्जन, हस्तान्तरण र सम्झौता जस्ता प्रभावबाट एकीकृत जनक्रान्ति र नेतृत्वमुक्त रहने छ। यो आन्दोलनको प्रक्रिया विश्वको पुँजीवादी संकटको स्थानमा वैज्ञानिक समाजवादको विश्व शिविरलाई स्थापित गर्ने र विश्वलाई साम्यवादसम्म पुर्‍याउने साम्यवादी झण्डा फहराएर अगाडि बढ्ने छ।

बरु घटनाक्रमले के कुरा उद्घाटित गरेको छ भने दमनविरुद्ध शसक्त, शसस्त्र प्रतिरोध, राष्ट्रघाती र जनघातीहरु माथि निर्मम भौतिक कारवाही, त्यसले पैदा गर्ने व्यापक सामाजिक जागरण , विशाल संयुक्त मोर्चा, विशाल जनसागरसहितको प्रदर्शन, जनमुक्ति सेनाहरुको सचेत फौजी पहलकदमी, देशभक्त राष्ट्रवादी र राष्ट्रघाती शक्तिहरुबीच हरेक निकायमा विकिरण हुँदै राष्ट्रिय मुक्ति आन्दोलनको आधार तयार गर्दै सामाजिक फाँसीवादी सत्ताविरुद्ध अन्तिम र निर्णायक हमला हुनेछ। यस्तो परिवेश निर्माण भएर जाने बिषय समाजको विश्लेषण गर्ने जो कोहीले अनुमान लगाउन सक्छ। तर, यसको बीचमा दमन र प्रतिरोध संघर्षको भिषण शृंखला भने रहने छ। यसमा देशभक्त तथा क्रान्तिकारी शक्तिले सचेतता पूर्वक पहलकदमी लिन जरुरी छ। आन्दोलनको यो नियमभित्र स्वभाविक रुपमा बलिदानको बिषय आउँछ, र दुनियाँलाई नयाँ ठाउँमा लैजान बलिदान गौरवको बिषय बन्नेछ।

वर्ग संघर्षको इतिहास बलिदानहरुको इतिहास पनि हो। यद्यपि यो बिषय राम्रो सँग बुझेका सत्ताधारीहरु क्रान्तिकारी शक्तिमाथि दमन र हत्याको दुश्चक्र चलाइरहेका छन्। तर, उनीहरुलाई सामान्य हेक्का हुनुपर्ने हो कि दमनविरुद्ध सोझिने प्रतिरोध आन्दोलनको आगो आफूतिर आउँछ र त्यसले आफैलाई खरानी बनाउने छ। कुमार पौडेलको हत्याको बिषयमा समाचारमा आएकै जस्तो मेयरले सुराकी गरेको तथ्य फेला पर्‍यो यदि भने मेयर भरत थापाको अवस्था के होला ? निर्घात कुटपिट गरेर हत्या गर्न त्यहाँ कुन-कुन प्रहरी पुगेका थिए भन्ने कुरा थाहा लागिहाल्छ ती प्रहरीको नाम बदनाम गराउने मतियार भिजिलान्तेहरु अब कहाँ कुन देशमा गएर सुरक्षित हुन्छन् ? यो त छँदैछ समग्र दलाल पुँजीवादी संसदीय सत्ता नै आफ्नो संकट ढाकछोप गर्न नसकेर मरणासन्न अवस्थामा पुगेको यो अवस्थामा एकीकृत जनक्रान्ति हाबी हुने कुरामा कुनै दुईमत छैन।

यस अवस्थामा पार्टी आन्दोलन नेता कार्यकर्ता र जनतामाथि दमन र हत्या गर्ने जो कोहीको अवस्था के होला ? यो मेरो शब्दहरुले दिएको चुनौति र चेतावनी होइन यो परिस्थिती र परिवेशले दिइरहेको चेतावनी हो। सर्वप्रथम यी प्रश्नहरुको जवाफलाई मनन् गर्न आवश्यक छ। र त्यही बुद्धिमतापूर्ण हुन जान्छ भन्ने मेरो सुझाव छ। अन्यथा रोम साम्राज्य ढाल्न सक्ने स्पार्टाकसहरुको सौर्य र बलिदानी, पेरिस कम्युनमा कम्युनार्डहरुले प्रदर्शन गरेको वीरता, रुसमा मजदुरहरुले जारको सत्ता पल्टाएको इतिहास, महान चिनियाँ जनताको संघर्षको कथा, भियतनाम, भेनेजुएला, क्युवा, भारतमा भइरहेको माओवादी आन्दोलन, नेपालको जनसंघर्षको शृंखलाको इतिहास र विश्वमा भएका कयौं संघर्षहरुमा जनताको बिजयका इतिहासहरुको समिक्षा गर्दा जनतालाई दमन, हत्या गरेर दबाउने बिषय कहिलै सम्भव नहुने बरु यो अझ सशक्त भएर अगाडि बढ्ने अझ प्रज्ज्वलित हुने बिषय प्रयोग सिद्ध, प्रमाणित तथ्य हो। त्यसैले कुमार पौडेलको हत्या र अरु हजारौं कुमारहरुको हुन सक्ने सम्भावित हत्याले ज्वाला झन्- झन् दन्काउने छ।

# सरकारसँग हत्याविरुद्धको प्रतिरोध, आन्दोलन थेग्ने सामर्थ्य छ ?



**सुमनसिंह पौडेल**

यतिबेला नेकपाको सरकार र त्यसमा पनि गृह प्रशासन राष्ट्र र नागरिकहरुविरुद्ध जाइलागेको छ। जसले गर्दा सरकार चौतर्फी बदनाम र अलोकप्रिय बनेको छ। आम जनताको आलोचना, आक्रोश र प्रतिरोधको मुख्य निशाना बन्दै गएको स्पष्ट देखिन्छ। आफूलाई कम्युनिस्ट त्यसमा पनि जोडबल लगाएरै समाजवादी सरकार र पार्टी भन्न रुचाउने र सोही अनुसारका प्रचारहरु गरिरहेको नेकपा र त्यसका नेताहरु व्यवहारत् जनताहरुका बीचमा अलोकप्रिय बनेका छन् । र, उनीहरुको वरिपरि समाजवादी नीति तथा कार्यक्रम होइन बरु दलाली, भ्रष्टाचार, कमिसनखोरी, बलात्कार, लुटखसोट र विभिन्न काण्डहरु झांगिन पुगेको छ। त्यो पनि सामन्य स्तरका छैनन् कि बरु यो देशै बिगटित गराउन सक्ने, नेपालका सम्पूर्ण प्राकृतिक स्रोतसाधन विदेशीहरुलाई सुम्पने, आन्तरिक राष्ट्रिय सुरक्षालाई प्रभावित पार्ने यस्ता प्रकारका क्रियाकलाप वर्तमान सरकारको मुख्य बिशेषता बन्न पुगेको छ।

होलीवाइन काण्ड, इन्डो प्यासेफिक काण्ड, बालुवाटार जग्गा प्रकरण, मेडिकल बिधेयक, जनकपुरमा मोदी-केपीको ठुल्दाइ-सानुभाइ प्रहसन, वाइडबडी भ्रष्टाचार प्रकरण, सुन तस्करी प्रकरण आदि ठूला-ठूला घोटालामा डुबेको सरकार आफूलाई निरन्तर समाजवादी भएको, कम्युनिस्ट भएको, र जनतालाई सुख, शान्ति, समृद्धी दिने सपना रहेको बिषय ढोल पिटेर प्रचार गर्न छाडेको छैन। तर, उसको यो प्रचारको आधारभूमिबाट यसका व्यवहारहरु नियाली रहेका नागरिकहरु सरकारको फाँसीबादीशैली र घृणित व्यवहारबाट आजित बनेर यो सरकारलाई दलालहरुको कठपुतली राष्ट्रघाती, भन्ने निष्कर्षमा पुगेका छन् ।

अझ सरकारका यस्ता घृणित व्यवहारकाविरुद्ध आवाज उठाउँदै राष्ट्रमा देखिएको संकटको हल वैज्ञानिक समाजवादी सत्ताले मात्र गर्न सक्ने राजनीतिक दृष्टिकोण राख्दै इमान्दारितापूर्वक जनताको बीचमा रहेर जनताको पक्षमा संघर्ष गरिरहेको नेत्रबिक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्धित गर्नु, उसले उठाएका तमाम माग मुद्दाहरुविरुद्ध अंकुश लगाउनु र यतिमात्र होइन, सयौको संख्यामा सो पार्टीका नेता तथा कार्यकर्ताको गिरफ्तारी गर्नु, झुटा मुद्दा लगाएर जेल हाल्नु, कुटपिट गर्नु, सर्च एण्ड एरेस्टको नाममा गाउँ-गाउँ गएर सर्वसाधारण जनतालाई आतंकित पार्नु र सो पार्टीका नेता तथा कार्यकर्तालाई गिरफ्तार गरेर मुठभेडको कथा रचेर हत्यासम्म गर्नुले यो सरकारको कम्युनिस्ट आवरणभित्रको अन्तरकथा र सरकार सञ्चालकहरुको इतिहास, वर्तमान र भविष्य र नागरिकप्रतिको उनीहरुको जवाफदेहिताको बिषयमा गम्भीर प्रश्न खडा भएको छ।

वर्तमान सत्ताको विकल्पको बिषयमा थप बलियो बहस, आन्दोलन, प्रतिरोध र भयानक युद्धको चित्र बन्दै गएको तथ्य प्रसस्तै जुटिरहेका छन् । छापा तथा बिद्युतीय सञ्चार माध्यममा आएका समाचारहरु, सामाजिक सञ्जालमा आइरहेका टिप्पणीहरु, जनताको बीचमा गएर गरिएका छलफलहरुमा जनताले दिएका प्रतिक्रियाहरु सबैलाई जोडेर समीक्षा गर्दा वर्तमान सरकार विप्लव नेतृत्वको नेकपाले संश्लेषण गरे जस्तै दलाल पुँजीवादी संसदीय सत्ता, सामाजिक फाँसीवादी सत्ताको बफादार कारिन्दा दलाल सरकार बन्न पुगेको छ। विद्रोही नेकपा माथिको दमन, हत्याको शृंखलाले यो सरकारलाई जनताबाट पुरै अलग्गिने स्थितिमा पुऱ्याएको छ। र, जनता बिद्रोही नेकपाको नीति तथा कार्यक्रम मार्फत वर्तमान फाँसीबादी सत्ताविरुद्ध प्रतिरोध युद्धमा जुट्ने देखिन्छन् ।

**नेकपा र सरकारबीच प्रतिबन्धपछिका विकसित घटनाक्रम**

गत फागुन २८ गते सरकारले नेत्रबिक्रम चन्द बिप्लव नेतृत्वको नेकपा माथि प्रतिबन्ध लगायो । यो प्रतिबन्ध बिदेशी शक्तिकेन्द्रहरु र नेपालका ठूला माफियाहरुको योजना बमोजिम थियो । आफूलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको प्रधानमन्त्री ठान्ने ओली र प्रचण्ड र त्यहाँभित्रका नेता तथा मन्त्रीहरु लोकतान्त्रिक व्यवस्थामा फरक मत राख्ने, अधिकारको निम्ति संघर्ष गर्न पाउने सामान्य अधिकारहरुको समेत उल्लघंन गर्दै फरक बिषय र माग राखेकै आधारमा नेकपा माथि प्रतिबन्ध लगाउन पछि परेनन् । भ्रष्टाचारको बिरोध, एनसेल कर ठगीविरुद्धको आन्दोलन, उर्जा सम्झौता, पानी सम्झौता, र बिभिन्न काण्डहरुको बिषयमा बिरोध गर्दै सामाजिक सरोकारका बिषयमा आन्दोलित भएकै आधारमा विद्रोही नेकपाले प्रतिबन्धको सामना गरिरहनुपरेको छ।

प्रतिबन्धपछि सरकारले व्यापकरुपमा धरपकड बढायो । पार्टीका स्थायी समिति सदस्य सुदर्शन, पोलिटब्युरो सदस्य रणवीर, केन्द्रीय सदस्यहरु प्रज्ज्वलन, आदर्श, असल, बन्धुचन्द लगायत विभिन्न जिल्लाका इञ्चार्ज सेक्रेटरी, जिल्ला सदस्यहरु, विद्यार्थी र समर्थक शुभचिन्तकसम्मलाई करिब पाँच सयको संख्यामा गिरफ्तार गऱ्यो र यो शृंखला चलिरहेकै छ। बिभिन्न बुद्धिजीवी, नागरिक अभियान्ता, कलाकार, पत्रकार, सत्तापक्षकै कतिपय नेताहरुले सरकारको यो कदमप्रति बिरोध जनाउँदै प्रतिबन्ध खारेजको माग राखिरहेका छन्। सरकार वार्ताको प्रचार गर्दै वार्ताको अन्तर्यमा

*(बाँकी पृष्ठ ४ मा)*

# सहकारी व्यवस्थापन तथा लेखा तालिम



**सुरुङ्गा, असार १०।** झापा गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुका अध्यक्ष तथा व्यवस्थापकहरुलाई तीन दिने तालिम प्रदान गरिएको छ।

झापा गाउँपालिकाको आयोजना तथा कालिका नेपालको व्यवस्थापनमा उक्त तालिम दिइएको हो । झापा गाउँपालिकाभित्रका १९ वटा सहकारी संस्थाका ३८ जना अध्यक्ष तथा व्यवस्थापकहरुको तालिममा सहभागिता रहेको छ ।

सहकारीलाई वैज्ञानिक, व्यवस्थित, विश्वसनीय बनाइ लेखा प्रणाली चुस्त र दुरुस्त राख्न सक्षम बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए । तालिममा सहभागीहरुलाई जिल्ला बचत तथा ऋण सहकारी संघ झापाका अध्यक्ष घनश्याम अधिकारी र सचिव लीला भण्डारीले तालिम प्रदान गरेको कालिका नेपालका अध्यक्ष तुलसीराम खरेलले जानकारी दिए ।

तालिम आजसम्म सञ्चालन हुने उनले बताए । संस्थाका अध्यक्ष तुलसीराम खरेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष भक्तबहादुर कार्कीले स्वागत गरेका थिए । कार्यक्रममा सहजकर्ता जिल्ला बचत तथा ऋण सहकारी संघ झापाका अध्यक्ष घनश्याम अधिकारी, रामकुमार नेपाल लगायतले मन्तव्य राखेका थिए ।

# गरिमाका ग्राहकलाई मनमोहनमा छुट



**बिर्तामोड, असार १०।** गरिमा विकास बैंक लिमिटेडका ग्राहकहरुलाई उपचार खर्चमा विशेष छुट प्रदान गर्ने सम्बन्धमा गरिमा विकास बैंक लिमिटेड र मनमोहन मेमोरियल पूर्वाञ्चल सामुदायिक अस्पतालबीच सम्झौता भएको छ ।

गरिमा विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाल र मनमोहन मेमोरियल पूर्वाञ्चल सामुदायिक अस्पतालका संयोजक रोमणी भट्टराईले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौतापश्चात गरिमा विकास बैंक लिमिटेडमा बचत खाता रहेका ग्राहकहरु तथा भिजा कार्डहोल्डरहरुले मनमोहन मेमोरियल पूर्वाञ्चल सामुदायिक अस्पतालमा उपचार गराउँदा अपरेशन शुल्क, बेड शुल्क, मेडिकल शुल्क, ल्याब, फिजियोथेरापी, पूर्ण शारीरिक परीक्षण डेण्टल सेवा लगायतका सेवाहरुमा विशेष छुट प्राप्त गर्ने बैंकले जनाएको छ ।

काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडका प्रदेश नं. १ अर्न्तगत झापाको विर्तामोड, दमक, बुधबारे र बनियानी, मोरङ्गको बिराटनगर, विराटचोक र टंकीसिनवारी र सुनसरीको धरान र इटहरीसहित देशभर ७६ शाखा कार्यालय सञ्चालनमा रहेका छन् । सुनसरीको इनरुवा र मोरङ्गको उर्लाबारी सहित देशभर थप १५ शाखा कार्यालयहरु स्थापना गर्ने बैंकले जनाएको छ ।

# कुकुरको पेटको ट्युमर निकालियो



**बुधबारे, असार १०।** मानिसको पेटबाट शल्यक्रिया मार्फत ट्युमर निकालेको त हामीले सुन्ने गरेका छौं ।

तर, पशुको पेटबाट शल्यक्रिया गरेर ट्युमर निकालेको भने विरलै सुनेका हौंला । पशुको पनि बाँच्न पाउने अधिकारलाई सुरक्षित गर्दै धनकुटाको डाँडा बजारमा पेटमा ट्युमर पलाएको जर्मन सेफर्ड जातको कुकुरको शल्यक्रिया गरेर पेटमा भएको दुई किलोको ट्युमर निकालिएको छ । कुकुर स्वस्थ्य रहेको शल्यक्रियामा संलग्न पशु चिकित्सक डा. रमेश घिमिरेले जनाएका छन् ।

गोविन्द मगरले पालेको कुकुरको पेटमा ट्युमर पलाएपछि पशुचिकित्सक डा. रमेश घिमिरे र डा. देवकुमार दर्लामीको टोलीले असार ८ गते शल्यक्रिया गरेको थियो ।

# भरुवा बन्दुकसहित पक्राउ

**पाँचथर, असार १०।** जिल्ला प्रहरी कार्यालय पाँचथरले अबैध भरुवा बन्दुकसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ताप्लेजुङ फक्ताङलुङ गाउँपालिका-१, स्थायी घर भई हाल फिदिम नगरपालिका- ७ का कालीबहादुर तामाङ रहेका छन् ।

नाङलापा हाङफाबुङस्थित बाटोमा बन्दुक बोकेर हिँडिरहेका तामाङलाई पक्राउ गरिएको पाँचथरका प्रहरी निरीक्षक अनिल पौड्यालले जानकारी दिए । तामाङलाई अस्थायी प्रहरी चौकी रानीटारको गस्ती टोलीले पक्राउ गरेको पौडेलले बताए । तामाङलाई जिल्ला अदालत पाँचथरबाट हातहतियार तथा खरखजाना मुद्दा अन्तर्गत म्याद लिई थप अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ ।


## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

**नयाँ रिलिज चलचित्रहरू**

पहिलो शो १२:०० बजे **प्रेम दिवस (नयाँ रिलिज नेपाली)**
दोस्रो शो ३:०० बजे **प्रेम दिवस (नयाँ रिलिज नेपाली)**
तेस्रो शो दिउँसो ७:४५ बजे **दे दे प्यार दे (नयाँ रिलिज हिन्दी)**

**एभरेस्ट डिजिटल सिनेमा हल**, राजगढ, झापा
**टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०**

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्यास्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-१ कोल्ड स्टोर छेउ फोन . न. ०२३-५४१४६६/९८०६०००३१३

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

हिन्दी सिनेमा कविर सिंह भव्यताका साथ प्रदर्शन भइरहेको छ

(हल ए) हिन्दी सिनेमा **कविर सिंह**
पहिलो शो ११:४५
दोस्रो शो ३:००
नाइट शो ७:१५

(हल बी) अंग्रेजी सिनेमा 1,2,4 3D मा
पहिलो शो ११:४५
दोस्रो शो २:४५
तेस्रो शो ७:१५

२०७५।१२-१५ देखि अनलाइन बुकिङ्ग खुल्ला गरिएको ।
www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## नेपालीहरूको लागि भरपर्दो सेवा
## मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
निशान्त – ८३७२०७८४५४/ ८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

# वर्गीकृत विज्ञापन

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

पूर्वाञ्चल कै अत्याधुनिक डिजिटल प्रविधि भ्याकुमसिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुर्गन्धरहित सेफ्टीट्यांकी सरसफाई गर्नुपरेमा हामीलाई सम्झनुहोस् । ।

९८४२६५५७००, ९८१५९२८५०० (कुमार)
९८०७९३०७४० (राजेश हिरजङ्ग)

## आकर्षक स्थानको जग्गा बिक्रीमा

जामुन खाडी पर्यटकीय क्षेत्रको गेटसँगै व्यवसायिक जग्गा प्लटिङ गरी कित्ताकाट भइसकेको होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्न अति उपयोगी १ बिगाह जग्गा तुरुन्त बिक्रीमा रहेको छ ।

सिधा सम्पर्क :
**गोबिन्द निरौला ९८०६०४१८७७**
**एलेन रिजाल ९८०४९४६७१४**
**होटल लक्जरी एण्ड लज**
नयाँ बसपार्क, बिर्तामोड झापा
सम्पर्क ०२३-५४५९०६, ९८२४९०२०५९

## कर्मचारी आवश्यकता

**कुक : ६ जना वेटर : ७ जना**
**मार्केटिङ्ग मेनेजर : ३ जना**
**सेकुवा पोल्ने : २ जना** *(इलामको लागि)*
*अफिसको लागि बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।*
**साथै घरमा काम गर्ने ५ जना महिला आवश्यक परेको छ । खान/बस्नसहित ।**

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि,
फोनः ०२३-५४६६८३, ९८२५९८७९००

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट

धिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,
९८४२६२४३५३/९८१४०३६३४४

## घर भाडामा

बिर्तामोडको नयाँ बसपार्क पस्ने बीचको बाटोमा रहेको तीन सटरसहित ४०/३५ को हल भएको एक तले घर भाडामा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८१६९७१४१४**

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

**डा.सन्तोष कु. मिश्र** – वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन, विरफार विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
**डा.रोशन अटल** – वरिष्ठ हार्डजोर्नी नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
**डा.पुष्पेन्द्र लिम्बु** – वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
**डा.डि.के. आचार्य** – वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
**डा.सबिन मानन्धर** – नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
**डा.मो.अक्तर अली** – वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ विशेषज्ञ दैनिक सेवा
**डा. गौरव राज ढकाल** – MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
**डा. विकास जैशी** MBBS, MD, DM Hepatology (NAMS) – वरिष्ठ लिभर (कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ (विर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ।) यसपटक २०७६/०३/२८ गते आइतबार आउँदैहुनुहुन्छ ।
**डा. मुक्ति आचार्य** – MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ, यस पटक मिति २०७६/०३/०७ सनिबार आउँदै हुनुहुन्छ ।
**डा.रोसन आचार्य** – वरिष्ठ नाक,कान,धाटी रोग विशेषज्ञ, प्रत्येक बिहिबार
**डा.सि.वि झा** – वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ, प्रत्येक दिन ३:०० बजे पछी ।

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

**२४सै घण्टा उपलब्ध सेवाहरु**
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । शुभचिन्तकहरूको सहयोग जुट्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका पर्खँदा अप्ठ्यारो स्थितिमा सुधार आउनेछ। मेहनतले आँटेको काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अर्थ उपार्जनका विभिन्न स्रोतहरू फेला पर्ने छन् । समाजमा आफ्नो प्रभाव बढ्न सक्छ। धेरै बोल्दा समस्या आउन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउने छ। सानो काममा अधिक खर्च हुनाले चिन्ता बढ्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अवसरवादीहरूबाट विशेष सजग रहनुहोला। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। अप्ठ्यारो काम समेत सम्पादन गर्न सकिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** काम पूरा नभए पनि आंशिक लाभ अवश्य हुनेछ । प्रतिस्पर्धाले नै नयाँ अवसर पनि दिलाउन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** शुभचिन्तकहरूले साथ दिने हुँदा प्रतिष्ठित काम गर्ने मौका छ । विशेष अध्ययन तथा नयाँ ज्ञानको खोजीमा समय बित्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** गुरुजनको सहयोगले बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल गर्न सफल भइनेछ । सानो प्रयत्नले नाम, दाम र इनाम दिलाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सेवामूलक कामबाट धनलाभ हुनेछ । आफ्नो प्रतिभाको कदर हुनेछ । व्यापारमा राम्रै उपलब्धि हासिल हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिस्थिति अलि संघर्षपूर्ण रहने देखिन्छ । प्रयत्न गरेका काम बिस्तारै सम्पादन हुने छन् । महत्वाकांक्षी योजना गोप्य राख्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नयाँ काममा योजना बनाएर अघि बढ्दा फाइदा हुनेछ । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अप्ठ्यारो पर्दा शुभचिन्तकहरूले मात्र साथ दिनेछन् । इर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा स्थिति अनुकूल हुनाले फाइदै हुनेछ ।

# महिलामाथि धारिलो हतियार प्रहार गरी रकम लुट्ने कारागार चलान्

**भद्रपुर, असार १०।** सुतिरहेका आमाछोरीलाई घरमै गएर धारिलो हतियार प्रहार गरी लाखौं रकम लुटपाट गर्ने पक्राउ आरोपी दुईजनालाई झापा कारागार चलान गरिएको छ ।

गत जेठ ९ गते मेचीनगर नगरपालिकामा-१० स्थित धुलाबारीकी ४१ वर्षीया आरती चौहान ( बुढाथोकी) र उनकी ८ वर्षीया छोरी अर्पणालाई सुतिरहेको अवस्थामा सोही नगरपालिका- १० का ३५ वर्षीय सुरज श्रेष्ठ र ३१ वर्षीय नवीन भन्ने नवराज गिरीले धारिलो हतियार गरी लाखौं रकम लुटेको आरोपमा प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ परेका आरोपीद्वय श्रेष्ठ र गिरीमाथि घाइते आरतीका श्रीमान् ओमकुमार बुढाथोकीले प्रहरीमा ज्यान मार्ने उद्योग र डकैतमा जाहेरी दिएका थिए । साथै घटना भएकै दिन आरतीका भदैनी पूजा चौहानलाई आरोपीद्वयले अभद्र व्यवहार गरेको भन्दै पनि प्रहरीमा पीडित पक्षले जाहेरी दरखास्त दिएका थिए । छुट्टाछुट्टै जाहेरीको आधार प्रहरीले घटनाको अनुसन्धान गरी दुवै जनालाई पक्राउ गरेको थियो ।

प्रहरी कार्यालय झापाले आरोपीद्वयलाई सरकारी वकील कार्यालय झापा मार्फत अभद्र व्यवहार ( सार्वजनिक हित, शान्ति सुरक्षा तथा नैतिकताविरुद्धको कसुर)मा प्रशासन कार्यालय झापामा मुद्दा दर्ता गराएको र झापा जिल्ला अदालतमा ज्यान मार्ने उद्योग तथा डकैत सम्बन्धी मुद्दा गराएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक (डिएसपी) महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार अभद्र व्यवहार मुद्दामा प्रशासन कार्यालय झापाले असार २ गते आरोपीद्वयलाई १०/१० हजार धरौटी रकम मागेको थियो ।

धरौटी रकम बुझाउन नसक्दा दुवै जनालाई पुर्पक्षका लागि कारागार चलान गरेको बताइएको छ । त्यस्तै असार ९ गते झापा जिल्ला अदालतमा पेश गरिएको ज्यान मार्ने उद्योग तथा डकैत मुद्दामा अदालतका न्यायाधीसले आरोपीद्वय श्रेष्ठ र गिरीलाई पुर्पक्ष राख्ने आदेश दिएको बताइएको छ ।

यता घटना विवरण अनुसार आफ्नै घरमा सुतिरहेका आरती र अर्पणालाई कोठामै गएर श्रेष्ठ र गिरीले आक्रमण गरेका थिए । उनीहरुले आरतीको टाउँको धारिलो हतियार प्रहार गरी ज्यान लिने योजनाका साथ गएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

हाल घाइते आरती बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार्थ छिन् । उनीहरुले आरतीमाथि आक्रमण गरी घरमा रहेको एक लाख ४० हजार समेत लुटेर लगेको उनको श्रीमान् ओमप्रकाशले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ ।

# रोङको बजेट ३५ करोड ६९ लाख

**गणेश अर्याल**

**इलाम, असार १०।** इलामको रोङ गाउँपालिकाले आगामी आर्थिक बर्षको लागि बजेट, नीति तथा कार्यक्रम पेश गरेको छ । गाउँपालिकाको छैटौ गाउँसभामा गाउँपालिका उपाध्यक्ष चन्द्रकला राईले ३५ करोड ६९ लाख हाराहारीको बजेट सार्वजनिक गरेकी छिन् ।

मंगलबार शुरु भएको छैटौ गाउँसभामा चालू बर्षको भन्दा ११ दशमलव २८ प्रतिशतले बृद्धि भएको बजेट प्रस्तुत भएको हो । चालू बर्ष ३२ करोड सात लाख २२ हजार आठ सय रुपैयाँको बजेट कार्यान्वयन भइरहेको छ भने आगामी बर्षको लागि ३५ करोड ६९ लाख १८ हजार रुपैयाँको बजेट पेश भएको हो ।

प्रस्तुत बजेट अनुसार चालू खर्चमा १८ करोड ७१ लाख ४० हजार रुपैयाँ र पुँजीगतमा १६ करोड ९७ लाख ७८ हजार रुपैयाँ बिनियोजन गरिएको छ । गाउँपालिका अध्यक्ष शम्शेर राईको अध्यक्षतामा गाउँसभा शुरु भएको हो । सभाले अर्थ तथा सार्वजनिक लेखा समिति र बिधायन समिति पनि गठन गरेको छ । बिमला तामाङको संयोजकत्वमा बनेको अर्थ तथा सार्वजनिक समितिमा चन्द्र शेखर घिमिरे, प्रेमराज गुरुङ लक्ष्मी नेपाली र विक्रम राई सदस्य रहेका छन् ।

त्यसैगरी महानन्द अधिकारीको सम्योजकत्वमा बनेको बिधायन समितिको सदस्यहरुमा इन्दिर विश्वकर्मा, केशरबहादुर प्रधान, तीर्थराज ढुंगेल र टीका तिवारी सदस्य रहेका छन् । गाउँपालिका अध्यक्षले प्रस्ताव गरेको दुबै समितिलाई गाउँसभाले सर्वसम्मत रुपमा पारित गरेको थियो । बजेट प्रस्तुत गर्नुअघि चालू आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमको समिक्षा गर्दै उपाध्यक्ष राईले गुरुयोजना अनुसारको पाथीभराको बिकास कार्यान्वय शुरु भएको सुनाइन् ।

'आर्थिक बिकासको लागि कृषिका पकेट क्षेत्रहरु गठनका प्रक्रिया शुरु भएको छ' - उपाध्यक्ष राईले भनिन्- 'महानन्द छात्रवृत्ति कार्यक्रमले रोङभित्रको प्राविधिक जनशक्तिको अभावको अवस्थालाई सहज बनाउन सहयोग गर्नेछ ।' उपाध्यक्ष राईले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा सहकारीको गतिबिधिलाई डिजिटलाइज गर्ने, एकसय रोपनी चिया खेतीलाई अर्ग्यानिकीकरणमा



लैजाने तथा उद्योग स्थापना तथा प्रबर्द्धनको लागि सहयोग गर्ने उल्लेख गरिएको छ ।

कबर्डहलको काम सम्पन्न हुने, खेलकुदको बिकासको लागि वडा स्तरको र गाउँपालिका स्तरको खेल प्रतियोगिताहरु सञ्चालन गर्ने, स्वास्थ्य सस्थामा औषधि अभाव हुन नदिने तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरुको पारिवारिक स्वास्थ्य बिमा निःशुल्क गरिदिने लगायतको कार्यक्रम बजेटमा समेटिएको छ ।

रोङ सडकको बाँकी रहेको सबै क्षेत्रको सडक चौडा बिस्तारको काम सक्ने, १५ शैय्याको अस्पतालको लागि जग्गा खोजी गरी नाप नक्सा तथा डिजायन सम्पन्न गर्ने लगायतका कार्यक्रम आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा समेटिएको छ । गाउँसभाको बैठकमा गाउँपालिकाको आर्थिक ऐन तथा विनियोजन बिधेयक पनि प्रस्तुत भएको छ ।

गाउँसभाको बैठकको शुरुमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिकप्रसाद दाहालले सभा सञ्चालनको सहजीकरण गरेका थिए । गाउँसभाको अर्को बैठक आगामी १७ गते बस्ने गरी स्थगित भएको गाउँपालिका अध्यक्ष शम्शेर राईले जानकारी दिए ।

# मुख्यमन्त्री कप प्रदेश लिगको छनौट गरिंदै

**इलाम, असार १०।** प्रदेश नं. १ मा आयोजना हुने मुख्यमन्त्री कप प्रदेश लिगको छनौट खेल आगामी असार १६ गतेदेखि हुने भएको छ ।

त्यस्तै इलाममा आगामी असार १८ गतेबाट छनौट खेल हुने बताइएको छ । साविकको मेची अञ्चलका झापा, पाँचथर, इलाम र ताप्लेजुङबीचको खेल असार १८ गतेबाट इलाममा हुने भएको हो । एन्फाका अनुसार लिगमा प्रदेश नं. १ का १४ वटै जिल्ला सहभागी हुने छन् । तीन वटा स्थानमा उद्घाटन खेल हुने र जसअनुसार उदयपुरको गाइघाटमा असार १६ गतेदेखि खेल शुरू हुनेछ ।

उदयपुरको गाईघाटमा मोरङ, उदयपुर, सोलुखुम्बु खोटाङ र ओखलढुंगाबीचको खेल हुने बताइएको छ । त्यस्तै सुनसरीको धरानमा १७ गतेदेखि तेह्रथुम, धनकुटा, भोजपुर संखुवासभा र सुनसरीबीच खेल हुनेछ । छनौट खेल प्रदेश राजधानी विराटनगर बाहेकका सहरमा हुँदैछन् । प्रदेश सरकारको रु. एक करोड र अखिल नेपाल फुटबल संघ(एन्फा)को रु. ३३ लाख गरी कूल एक करोड ३३ लाख रुपैयाँ प्रतियोगितामा खर्च हुने आयोजकको दाबी छ ।

प्रतियोगिताको तयारी स्वरुप भाग लिने हरेक क्लबलाई ५० हजार र १५ थान फुटबल प्रदान गरिने एन्फाका सचिव किरण राईले बताए । तीन स्थानमा भएको खेलबाट ६ टिम छनौट भएर आउने र उनीहरुबाट फाइनलमा पुग्ने टिमले विराटनगरमा फाइनल खेल खेल्ने राईले बताए । पहिलो हुनेले रु. पाँच लाख, दोस्रो हुनेले रु. तीन लाख, तेस्रो, चौथो, पाँचौ र छैटौं हुनेले ७५ हजार पुरस्कार प्राप्त गर्ने बताइएको छ ।

त्यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई एक लाख, म्यान अफ द म्याचलाई पाँच हजार, फाइनलको म्यान अफ द म्याचलाई १० हजार र विभिन्न छ वटा विधाका खेलाडीहरुलाई रु. २५ हजार प्रदान गरिने छ । सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ को सहयोगमा अखिल नेपाल फुटबल संघको आयोजनामा पहिलो पटक प्रदेशस्तरीय लिग हुन लागेको एन्फाका सचिव किरण राईले बताए ।


## आभार/कृतज्ञता

मिति २०७६ असार १० गते बिहान ६ बजेतिर काँकरभिट्टाबाट बिर्तामोड जानेक्रममा सगरमाथा यातायातको बसमा मेरो ल्यापटप, चालक अनुमति पत्र, नागरिकता लगायत अन्य महत्वपूर्ण कागजातसहितको ब्याग छोडिएकोमा बिर्तामोड ट्राफिक प्रहरीको सक्रियताले बसमा छोडिएको उक्त सामान मैले प्राप्त गरे । बसमा छुटेको मेरो सामान प्राप्त गर्न ट्राफिक प्रहरीले गर्नुभएको सराहनीय कार्यप्रति हार्दिक आभार प्रकट गर्दै सगरमाथा बसमा छुटेको मेरो सामान सुरक्षितसँग राखिदिनु भएकोमा बसका कर्मचारीहरुप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

**करण लम्साल**

**प्रिमियर लालीगुराँस इङ्लिस स्कूल**, बिर्तामोड-१, पञ्चकन्या, प्लटिङ्ग

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| कसुम माया तामाङ | डाँगीबारी-६, | ६४९ | ०-५-० | जेठा मर्डी सतार/जेठा सतार |
| | डाँगीबारी-१ | ४०७ | ०-२-० | जेठा मर्डी सतार/जेठा सतार |
| घनश्याम पाखेरेल | कोहवरा-६ | १०८३ | ३३८०.०० | भक्तबहादुर/भक्तबहादुर दनुवार |
| हेमसागर कटेल | कोहवरा-६ | १०८२ | ३३८०.०० | भक्तबहादुर/भक्तबहादुर दनुवार |
| रणबहादुर बानियाँ | बालुबाडी-६ | ८ | १८५५.०० | कदुलाल राजवंशी/कहुलाल राजवंशी |
| | | ६ | १०१०.०० | झपटु सतार |
| | | १६ | ३२१०.०० | देवान सतार |
| | | १८ | ४०५०.०० | छुवन सतार/फापसु सतार |
| खड्बहादुर सन्जेल | टाघनडुब्बा-१ | २१७ | ४३८५.०० | कचालु गनगाई |

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

बिर्तामोड, झापा

सम्पर्क **राजकुमार श्रेष्ठ**

९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

मोबाइल : ९८५२६४६००५

## शुभम् मेडिसिन सेन्टर सुरुङ्गामा
## विशेषज्ञ डाक्टर आउने बारेको सूचना

डाक्टर तथा विशेषज्ञ सेवा :

**डा. अभिनारायण घिमिरे**
वरिष्ठ छाला, कुष्ठ, यौनरोग तथा कुष्ठरोग विशेषज्ञ
प्रत्येक महिनाको तेस्रो र अन्तिम शनिवार दिनको २:३० बजेदेखि

**डा. लक्ष्मीनारायण यादव**
वरिष्ठ सुगर, प्रेसर, थाइराइड, पेट, छाती, मुटु तथा जण्डिस, सरुवा रोग विशेषज्ञ
प्रत्येक शनिवार १२:३० बजेदेखि

**डा. प्रकाशकुमार श्रेष्ठ**
हाडजोर्नी तथा नसा रोग विशेषज्ञ
प्रत्येक शनिवार दिउँसो ११:०० बजे

**डा. राजीव शाह**
वरिष्ठ नाक, कान तथा घाँटी रोग विशेषज्ञ
प्रत्येकशनिवार १०:०० बजेदेखि ।

सम्पर्क : **शुभम् मेडिसिन सेन्टर**
कनकाई-३, सुरुङ्गा बजार झापा रोड लाइन (भगवती सहकारीको अगाडि)
फोन: ०२३-५५०९९५/९८०६०३०००२/९८१४९६८६१०

## उद्योगसहित लाइसेन्स बिक्रीमा

खैनी, गुट्खा, पान मसला तथा स्वीट सुपारी उद्योगसहित लाइसेन्स बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८१४३७०५९९**

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७

काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१

## जग्गा बिक्रीमा

बिर्ता बजार ३०० मिटर पूर्व रहेको ११½११ धुरका पूर्व र उत्तर फर्केका २ वटा घडेरी बिक्रीमा छ । २० फुटे बाटोले छोएको छ । ३२ फुट मुख भएको । **सम्पर्क :** ९८४२७१२९४१, ९८०७९०१७८८

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

## Qatar मा रोजगारको अवसर
**MUHAMAD BIN MISNAD TRANSPORT**

पूर्व स्वीकृति मिति : २०७५/०५/१२ चलानी नं.: ६०१२२४८२ LT. No: 212981

| सि नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR. | मासिक तलब ने.रु. | खाना सुविधा |
|---|---|---|---|---|---|---|
| १. | Heavy Vehicle Driver | 30 | 00 | 1900 | ५९,५८८।- | छ |
| २. | General Supervisor | 00 | 30 | 2500 | ७८,४०५।- | छ |

प्रि अन्तरवार्ता धमाधम भईरहेको छ । फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०७६ असार ११ गते (26 june ) मा मोक्ष होटलमा बिर्तामोडमा हुदैछ ।

नोट: साथै यसै कम्पनी बाट ५० जना महिला Bus Attendent(QR. 1500) मा महिला Sceretary(QR. 3000) मा महिला Office Attendent(QR.1500) मा र नेपाली लाईसन्स भएका ५० जना पुरुष Light Driver हरुको माग भई आएकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला । अन्तरबार्ता असार ११ गते हुदैछ ।

## OMAN को 5 Star Hotel मा रोजगारीको अवसर

कम्पनी : ASYL ALDHWQ AL SHRQY, OMAN
पूर्व स्वीकृत मिति : 2019/06/21 चलानी नं.: 60141072 L.T. No.: 221412

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रु. | खाना सुविधा |
|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER | 15 | 0 | [illegible] | 100 | २३,३२३ | छ |

प्रि-अन्तर्वार्ता धमाधम भैरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ असार १३ गते (28 JUNE) शुक्रवार मोक्ष होटलमा हुदैछ ।

नोट: यसै कम्पनीबाट 50 जना WAITER (OR.120) र 20 जना Cook हरुको (OR 150) मा माग भई आएकाले तुरुन्त सम्पर्क गर्नुहोला ।

साथै यसै कार्यलयमा Bahrain को Unique-Well Restaurant बाट खान बस्न सुविधा सहित ५० जना Cleaner/Helper हरुको 110 Bd माग भई आएकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला, अन्तरबार्ता असार १४ गते शनिबार हुदैछ ।

**मोन्टेज ओभरसिज प्रा. लि.**
कलंकी, काठमाडौं
फोन : ०१-४२८७११९, ९८४१७६७१६६, ९८०२००११७०, ९८१५०२४२३९, ९८१७९२०२०६, ९८१२२७२२९४

## Abu-Dhabi मा लेडिज तथा जेन्सलाई PSBD सेक्युरेटी गार्डमा रोजगार !!!

**Securiguard Middle East** — Abu Dhabi, UAE

पूर्व स्वीकृती मिति: २०७४/६/२२, पुन: विज्ञापन मिति: २०७५/०८/०७ LT No. 196880 चलानी नं. ६०११८३७०, ११७७
पूर्व स्वीकृती मिति: २०७४/६/२२ LT No. 196877 चलानी नं. ६०११८३६८

| कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guards (Male) | 100 | काममा अनुभव | 2000 | ६१,८८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| Security Guards (Female) | 200 | काममा अनुभव | 2000 | ६१,८८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

नोट:
१) बेसिक सेलरी २००० दिराम भएता पनि ओभर टाईम र एलाउन्स गरी २७७० दिराम सम्म हुनेछ ।
२) कम्तिमा SLC पास गरी अङ्ग्रेजी राम्रो बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उचाईको हकमा ५ फुट ७ ईन्ची हुनुपर्नेछ ।
३) फाईनल अन्तरवार्ता दिन आउदा सक्कल राहदानी, अनुभव र शैक्षिक योग्यताका प्रमाणपत्रहरू साथमा लिएर आउनुपर्नेछ ।

फाईनल अन्तरवार्ता सम्बन्धीत कम्पनीको प्रतिनिधीबाट यही असार १२ गते बिर्तामोडको होटल होलिडेमा हुनेछ

भिषा Approval रेडी भएकोले १५ दिनमा प्राप्त हुनेछ ।

**सनलाइट ह्युमन रिसोर्स प्रा.लि**
सामाखुसी, काठमाडौं, नेपाल फोन नं. ०१- ४३८४३
मो. नं. ९८०१०३३९७४/९८०१०३३७५/९८०१०२३८१३
९८०१०३३९७७/९८०२०२३८१३/९८०१०३३९७०

## उद्घोषण र लेखा तालिम

**अर्जुनधारा, असार १०।** लक्षित वर्गको क्षमता अभिवृद्धी गर्ने उद्देश्यले अर्जुनधारा-७ वडा समितिद्वारा आयोजित पाँच दिवसीय उद्घोषण प्रशिक्षण तथा लेखा तालिम सम्पन्न भएको छ ।

वडाध्यक्ष नवराम ढुंगानाको अध्यक्षता र नगर प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

सहभागीहरुकोतर्फबाट उद्घोषण तालिमकी सहभागी जानुका दियाली र लेखा तालिमकी बबिता पोखरेलले तालिमको अनुभवबारे जानकारी गराएको कार्यक्रममा वडा सदस्यद्वय गोमा पर्वते र देवकुमार राई, नगरपालिकाका लेखा अधिकृत रामचन्द्र घिमिरे, नगर रोजगार संयोजक केशव ढुंगेल र अर्जुनधारा प्रेस क्लबका अध्यक्ष कुमार भट्टराईले बोलेका थिए ।

वडासचिव एवम् तालिम संयोजक प्रकाश पौड्यालले स्वागत गरेको कार्यक्रमको सञ्चालन उद्घोषण तालिमकी सहभागी दीपा गड्तौलाले गरेकी थिइन् ।

## झापाका चिकित्सकद्वारा परामर्श कार्यक्रम

**बिर्तामोड, असार १०।** सरकारले अबदेखि चिकित्सकको अनुमतिपत्र (लाइसेन्स) नवीकरण गर्न पाँच वर्षभित्र एकसय अंक ल्याउनैपर्ने नियम लागूगर्ने तयारी गरेसँगै चिकित्सकहरुले तालिम तथा परामर्शलाई तिव्रता दिएका छन् ।

नेपाल मेडिकल काउन्सिलले 'निरन्तर पेशागत उन्नयन कार्यक्रम' (सीपीडी) अनुसार पाँच वर्षभित्र चिकित्सकले एकसय अंक ल्याउन नसके चिकित्सकको लाइसेन्स नवीकरण हुने प्रावधान लागूगर्ने तयारी गरेसंगै झापाका चिकित्सकहरुले तालिम तथा परामर्शलाई तीव्र बनाएका हुन् ।




नेपाल मेडिकल एसोशिएशनको संलग्नतामा बिर्तामोडमा भएको कार्यक्रममा झापाका सयभन्दा बढी चिकित्सकको सहभागिता रहेको बीएण्डसी टिचिङ हस्पिटलका मेडिकल डाइरेक्टर डाक्टर निराजन पराजुलीले जानकारी दिए । सीपीडी लागू भएमा लाइसेन्स नवीकरणका लागि चिकित्सकले पाँच वर्षभित्र एक सय अंक ल्याउनैपर्ने अवस्था आउने डा.पराजुलीले बताए ।

अनिवार्य विषयमा चिकित्सकले ३० अंक प्राप्त गर्नुपर्नेछ भने रुची अनुसारको क्षेत्रमा शैक्षिक योग्यता, तालिम, प्रकाशित गरेको लेख, रचना, सम्मेलन, सेमिनार लगायतका आधारमा ७० अंक आर्जन गर्नुपर्ने बताइएको छ ।

उपचार सम्बन्धी यस्ता तालिमले आफ्नो अनुभव साटासाट गर्ने अवसर प्राप्त गर्ने चिकित्सकहरुको भनाई छ । कार्यक्रममा मेडिकल डाइरेक्टर डा.पराजुली र प्रोफेसर डाक्टर गेयनाथ बरालले चिकित्सकहरुलाई प्रशिक्षण दिएका थिए ।

झापामा पहिलो पटक यस्तो कार्यक्रमको आयोजना बीएण्डसी टिचिङ हस्पिटलले गरेको जनसम्पर्क अधिकारी प्रमिश गिरीले जानकारी दिए । आगामी दिनमा समेत चिकित्सकहरुका विभिन्न सेमिनार तथा तालिमहरुको आयोजना गरिने बताइएको छ ।

## पैदलयात्री भट्टराईको मृत्यु

**बिर्तामोड, असार १०।** मोटसाइकलले ठक्कर दिँदा एक पैदलयात्रीको मृत्यु भएको छ ।

विराटनगर महानगरपालिका- १ पोखिरयाकी ६६ वर्षीया सुभद्रा भट्टराईको मृत्यु भएको प्रहरी कार्यालय झापाका नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

प्रहरीका अनुसार पूर्व पश्चिम राजमार्ग अन्तर्गत शिवसताक्षी नगरपालिका १० माइधारमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे ७ प ६९९५ नम्बरको मोटरसाइकलले पैदलयात्री भट्टराईलाई ठक्कर दिएको थियो ।

मोटरसाइकलको ठक्करले गम्भीर घाइते भएकी भट्टराईको उपचारको क्रममा बिर्तामोडको बीएण्डसी अस्पतालमा मृत्यु भएको हो । प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको जनाएको छ ।

# सम्झनामा देवीप्रसाद उप्रेती



**त्रिलोचन संग्रौला**

आज देवीप्रसाद उप्रेतीको २७औं स्मृति दिवस । उहाँको नाम मैले २०१६ सालतिर सुनेको थिएँ । उहाँ बस्नुभएको स्थानभन्दा अलिक टाढा होडा गाउँमा मेरो घर भएकाले उहाँसँग प्रत्यक्ष सम्पर्क हुन सकेको थिएन । आफ्नो बाल्य अवस्थाको कारण र देवीप्रसादले निर्माण गरेको विद्यालयमा पठनपाठन गर्न गरिबीको कारण लगायतका अप्ठ्याराहरुबाट प्रत्यक्ष सम्पर्क हुन नसके पनि पोखरी हाईस्कूल निर्माण गर्न शिक्षासेवी देवीप्रसाद उप्रेती आउनुभएको छ भनेर अरु इस्टमित्रहरुले कुरा गरेको सुन्न पाइरहिन्थ्यो । २०१६ सालतिर नै हो महिना गते याद आउन सकेन । बिहान उठेर बारीतिर घाँस काट्न जाँदा मेरा बारीकै छेउमा तीनघरे भन्ने चौतारो र त्यसैको छेउमा पानीको कुवा थियो । त्यो कुवामा बिहानै गाउँघरबाट पानी लिन डोकामा र काखीमा गाग्रा बोकी जम्मा हुनुभएका गाउँघरका आमा दिदीहरु निकै ठूलो स्वरमा बोलेको सुनें । त्यसपछि के रहेछ भनेर पनि पँधेरातर्फ लाग्दा आज पोखरीको स्कूल आगलागी भएर सबै समाप्त भयो रे । कसले डढायो थाहा छैन । त्यत्रो त्यति राम्रो स्कूल कुन अपराधीले आगो लगाई दियो हामी गरीबका छोराछोरी पढ्न पाउने थियौं । नाश भयो भनी पँधेरामा जम्मा भएका आमा दिदीहरुले सुनेपछि आफूलाई पनि सारै दुःख लाग्यो र पनि आफ्नो बाल्य अवस्थाले गर्दा सबै कुरा बुझ्न सकिएन । त्यसपछि कुरा सुनिँदै गयो । पोखरी स्कूल त देवीप्रसाद उप्रेतीले दार्जिलिङ्गदेखिका मिस्त्री लगाई झन् राम्रो बनाउन शुरु गर्नुभयो ।

स्कूल तयार भएपछि हेर्न जाँदा त अति राम्रो काठको स्कूल भवन खरले छाएको हेरिहौं जस्तो आकर्षक भवन देखन पाइयो । त्यो देखेर मन ज्यादै हर्षित भयो । पछि गएर सोही भवन पनि आगलागी भएर नस्ट भएको खबर सुनियो यस्तो खबर सुनेपछि सबै गाउँघरका सबै मानिसका आँखाबाट आँशु झरे । मलाई पनि अति दुःख लाग्यो । त्यसपछि देवी प्रसाईं बस्नुभएको गौरीकुञ्जको लामो कोठै कोठा भएको भुइँ घर पनि आगलागी भयो । यसरी लगातार तीन पटक आगो लाग्दा पनि कति विचलित नभई त्यस क्षेत्रका सबै साना-ठूला गरीब धनी जनसमुदायको सहयोगबाट ठूलो धनराशी आफूले पनि खर्च पनि आफ्नो जग्गा जेथा दिएर त्यस ठाउँमा ठूलो भवन पुनः निर्माण गर्नुभयो । देवीप्रसाद उप्रेतीको भावना साना-ठूला सबै एकै हुन्, सबैका छोराछोरीले उचित शिक्षा पाउनुपर्छ । शिक्षा व्यवसायमूलक हुनुपर्छ जस्ता कुराले प्रेरित हुनुहुन्थ्यो । म पनि घरको अवस्थाले गर्दा त्यसै घर गाउँमा अलमलिरहेको थिएँ ।

२०२५ सालको हिउँदमा मैले सरस्वती प्रावि होडाको शिक्षक पदमा नियुक्ति पाएँ । यसरी आफू पनि शिक्षा क्षेत्रमा संलग्न हुँदा अझ शिक्षामा योगदान दिने व्यक्तिको जानकारी हुन आउने नै भयो । अनि थाहा भयो । त्यस प्राविलाई पनि पाँच विगाह जग्गादान दिनुभएको छ अरे झापामा भन्ने सुनें । तर, त्यसको व्यवस्था राम्रो नभएको भन्ने पनि जानकारी हुन आयो । देवीप्रसाद उप्रेतीले धेरै स्कूलहरु निःशुल्क हाल आदर्श विद्या मन्दिर मावि घैलाडुब्बा झापा, पोखरी हाईस्कूल कक्षा ५ सम्म निःशुल्क प्रणामी विद्यालय सिम्ले इवा आठराई हाल प्रणामी मावि कक्षा ७ सम्म निःशुल्क चलाएको कुार सुनेको थिएँ ।

त्यसबखत त आफूले पढाउने सरस्वती प्रावि होडा कक्षा २ सम्म निःशुल्क कक्षा ३ देखि ५ सम्म फि लाग्ने थियो भने देवीप्रसादका शिक्षाप्रतिको प्रेरणाले मलाई पनि घचघच्यायो । त्यसैबेला सञ्चालक समितिको गठन हुँदा म समितिको सचिव बनें । त्यसपछि जिम्मेवारी आफूलाई बढेको हुँदा देवीप्रसादले दान दिएको जग्गाको आयस्ता संगाल्दा र केही आर्थिक ( चन्दा) संकलन गर्न म झापा झरें । सबै बिस्तार गरेपछि स्कूल निःशुल्क चलाउने कुारमा सारै खुशी हुनुभयो र भन्नुभयो- मैले दिएको जग्गा डाँगीबारी-३ मा पर्छ । सुरुङ्गा र डाँगीबारीका प्रधानपञ्चहरु भेला गर्नु अनि छुट्याउँला भन्नुभयो । यसो भन्नु भएपछि सोही अनुसार गरी दुबै गाउँपञ्चायतमा प्रधानपञ्च बोलाएर डाँगीबारी-३ मा देवीप्रसाद र अन्य भद्रभलादमी समेत भेला हुनुभयो । यो २०२८ साल माघ महिनाको कुरा हो । संयोगबस त्यस दिन राजा महेन्द्र स्वर्गारोहण भएको दिन परेछ । आज नगरौं भनेर देवीप्रसाद उप्रेती उठेर घोडा चढी घरतर्फ फर्कनुभयो ।

त्यसपछि हामी पनि आ-आफ्नो बासतर्फ लाग्यौं । पछि जग्गा छुट्याई आर्थिक संकलन गरी सो प्रावि निःशुल्क सञ्चालन गरियो । त्यस समयदेखि देवीप्रसादसँग नजिक हुँदै जाँदा २०२९ सालदेखि म पोखरी हाईस्कुल आठराईको शिक्षक हुन पुगें । देवीप्रसाद उप्रेतीले दान दिनुभएको जग्गाहरुको २०२९ सालको आयस्ता लिन त्यसबखतका सेक्रेटरी तथा शिक्षक कृष्णप्रसाद ओली र मलाई विद्यालयले झापा खटायो । आयस्ता लिन आएँ र कुरा गरिसकेपछि आठराई तिरैबाट केही मित्रहरु आई देवीप्रसाद उप्रेतीलाई भने छन् । पञ्चायत व्यवस्था समाप्त पारेर वारेन्ट छ । यस्तो सुनेपछि देवीप्रसादले आयस्ता तत्काल दिन इन्कार गर्नुभयो । हामीलाई पहिला नै थाहा थियो । प्र.अ. सूर्य कन्दङ्वा र म कृष्ण ओली, रामचन्द्र मैनाली, गंगाप्रसाद उप्रेती, तेजबहादुर कन्दङ्वा तत्कालीन प्रधानपञ्च भीमराज कन्दङ्वा लगायतका अन्य साथीहरुलाई वारेन्ट भएको । यसपछि आठराईका हामी सबै ३२ जना साथीहरु तितरवितर भयौं । यसरी भूमिगत र जेल यातना भोगिसकेर बाहिर आएपछि विद्यालयकै कामले



सन्दर्भः देवीप्रसाद उप्रेती २७औं स्मृति दिवस

पुनः २०३३ सालदेखि देवीप्रसादसँग नजिक बस्ने अवसर प्राप्त भयो । देवीप्रसाद उप्रेतीले दानदिनु भएका तेह्रथुम जिल्ला, इलाम र झापा जिल्लाका गरी २९ वटा विद्यालयलाई जग्गादान दिएर समाजसेवामा ठूलो योगदान दिनुभएको र अन्य मठमन्दिरहरुलाई पनि जग्गादान दिनुका साथै धेरै नगद दिनुभएको कुरा बुझ्ने मौका मिल्यो ।

देवीप्रसादले आदर्श विद्या मन्दिर मावि घैलाडुब्बा कक्षा १० सम्म आफ्नो केही इस्टमित्रको थोरबहुत सहयोगबाट निःशुल्क सञ्चालन गर्नुभएको, पोखरी हाईस्कूल आठराई १० लाख जति भारु रकम २०१६ सालदेखि २०२१ सालको बीचमा खर्च गरी जमिन २१३-६-५ मध्ये २२ बिगाह आफ्नै भान्जा र सहयोगी साथीबाट दान गराई त्यस क्षेत्रको शिक्षा विकासमा ठूलो योगदान गर्नुभयो । आफ्नो जन्मघर आठराई सिम्लेमा प्रणामी विद्यालय (हाल मावि) निःशुल्क स्थापना गरी सञ्चालन गर्नुभयो । त्यस्तै करफोक विद्या मन्दिर, मेची क्याम्पस लगायतका उन्नतीस संस्थालाई आफ्ना परिवारले जग्गा विगाह ८५४-४-० जग्गादान स्वरुप दिनुभयो । पहाड सिम्ले घरखेत प्रणामी विद्यालयलाई र फँगुवा कृष्ण मन्दिर, चारपाने कृष्ण मन्दिर, झापा शिवालय, सुरुङ्गा शिवालय र शारदेश्वर शिवालय समेतलाई जग्गा बिगाह १५-०-० दान दिनुभयो अन्य धार्मिक संस्थाहरुलाई धेरै-धेरै नगद दान दिनुभयो ।

यसरी पूर्वाञ्चलकै एउटा दानबीर कै रुपमा स्थापित हुनुभएका उप्रेती यो काम मैले गरेको भनी जस लिन कहिल्यै अघि सर्नु भएन । पदलोलुपतातिर कहिल्यै लाग्नु भएन । यसरी काम गर्ने सामाजिक व्यक्तित्वलाई २०३५ सालतिर सरकारले विरोध गऱ्यो, त्यस्ता कामका सहयोगी यिनीहरु पनि हुन् भनी म समेतलाई राजनीतिक आरोप आयो । उजुरी राजाकोमा परेछ । त्यो अवधिमा उहाँले दान दिएका जग्गाहरु केही दर्ता हुन रहेकोले म तेह्रथुम जिल्लाका शिक्षण संस्थाका नाममा उहाँले दान दिनुभएको जग्गा ती संस्थाका नाममा मैले दर्ता गराउन लागेको जग्गा बिगाह १५०-०-० दर्ता गराई शिक्षण संस्थालाई बलियो बनाउने काम पनि भइरहेको अवस्थामा दातासँग बढी सम्पर्क हुने काम भएकोले तत्कालको व्यवस्थाको विरुद्धमा मेरो नाम समेत समावेश गरेका होलान् । तर, उप्रेती जस्तोसुकै समस्या आइ परे पनि कहिल्यै पछि नसर्ने उहाँको साहस थियो । देवीप्रसाद उप्रेतीबाट जति शिक्षण संस्थालाई जग्गाजमिन दान भयो ती सबै जमिनको दानपत्र सशर्त भएको हुनाले शिक्षण संस्थाहरुले शर्त अनुसार काम गरुन् भन्दा केही संस्थाले ठीकै स्वीकार गरे । केहीले अस्वीकार गरे तर शर्त नराम्रो चाहिँ पक्कै होइन ।

जग्गाबाट प्राप्त आम्दानी बैंक मुद्दती खातामा विद्यालकै नाममा अक्षयकोषमा राखी सोको ब्याजबाट भौतिक विकास निर्माण गर्नु सावा नमास्नु पछि गएर साल-सालको आयस्ता जम्मा भई ठूलो धनराशी विद्यालयमा प्राप्त हुन सक्छ । यसबाट विद्यालयको अन्य प्रगतिहरुमा चिसोपन पनि आयो । यही चिसोपनको फलस्वरुप २०४४ सालमा राजाको पूर्वाञ्चल सवारीमा सबैभन्दा बढी दान पाउने संस्था पोखरी हाईस्कूलका त्यसबखतका निरंकुश शासन पञ्चायतका हिमायती हुँ भन्ने पञ्चको उच्च पदहरु समालेका मित्रहरुबाट सवारी शिविरमा उजुरी गर्नुभएछ । झापाको स्कूलको जग्गाको आयस्ता पञ्चायत समर्थक शिक्षकलाई नदिई बामपन्थी शिक्षकहरुलाई मात्र दिएर झापाको आयस्ताले आठराईमा बामपन्थी राजनीति शुरु गरेका छन् भनी दाता उप्रेती र मलाई पनि उजुर पारेछन् । मलाई पन्ध्र महिना चार जिल्लामा वारेन्ट काटियो । घर छाडी भूमिगत हुन बाध्य हुनुपऱ्यो । जग्गादाता समस्यासँग जुधिरहनु भयो । त्योभन्दा अलिक अगाडि पनि २०४२ सालमा पोखरी मावि आठराईको रजत जयन्ती समारोहमा जाँदा सोही किसिमको उजुरी भएछ । देवीप्रसाद उप्रेती, मदनकुमार थापा, जसमा पोखरी हाईस्कूलका संस्थापक प्र.अ.लाई, प्राध्यापक गंगाप्रसाद उप्रेतीजी र मलाई प्रहरीले पक्राउ गरी आठराईका थानामा सीडीओको सामु पुऱ्यायो । जसमा आरोपहरु झापाबाट आएर आठराईमा राजनीति गरे भन्ने रहेछ । यस किसिमका सजिला अप्ठ्यारा पार गर्दै मैले पूर्णरुपमा सहयोग गरें । मैले गरेको सहयोग भनेको उहाँको व्यक्तिगत व्यहार नभई शिक्षासेवी समाजसेवी ठूला दानवीर भनेर उहाँबाट दान पाउने शिक्षण संस्थाको लागि गरेको हुँ- उहाँ भन्ने गर्नुहुन्थयो । धनी-गरीब समान बनाउने बाटो व्यवसायमूलक शिक्षाबाटै हुन्छ । जसमा निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्छ र मात्र गरीबका छोरा-छोरीले पढ्न पाउँछन् । उहाँको सो भावनाबाट प्रेरित भई मैले शिक्षा क्षेत्रमा सहयोग गरेको छु । त्यस ठाउँमा जनविरोधीहरुले त्यसबखत जे-जस्तो व्यवहार गरे पनि कत्ति पछि नसरी देवीप्रसाद उप्रेतीले आफूलाई जीवनभर सामाजिक सेवामा सर्पित गरिरहनुभयो ।

त्यसैले जहाँ आफ्नो समयका अत्यन्त उच्च आदर्श र विचार भएका एक महान् शिक्षासेवी तथा जनप्रिय प्रतिभा हुनुहुन्थ्यो भन्ने कुरा उहाँ र उहाँका योगदानलाई जान्ने सबैलाई विदितै छ । उहाँले अन्तिम अवस्था जसमा बोली राम्रो नबुझिने बेलामा २०४९ आषाढ ११ गते दिनको पौने १ बजे उहाँका साथमा म प्राध्यापक गंगाप्रसाद उप्रेती, सांसद सी.पी. मैनाली, दीर्घराज कोइराला, कुलप्रसाद मैनाली, श्रीमती, कुलप्रसाद मैनालीकी छोरी समेत र उहाँका परिवार श्रीमती नर्मदा उप्रेती छोरा डिल्लीप्रसाद उप्रेती, दुर्गाप्रसाद उप्रेती सेवा गर्ने मालिराम दास र सानो मालीरामको छोरा उहाँका भान्जा समेत हुनुहुन्थ्यो । मृत्युले लान घण्टी बजाइरहेको अवस्थामा पनि उहाँ भन्नुहुन्थ्यो- मैले दान दिएको शिक्षण संस्थाको जग्गा जेथा राम्रोसँगले सुरक्षित होओस् । नियम कानून बनोस्, मेरो जन्म ठाउँ सिम्ले आठराईमा पनि मैले थालेको काम पूरा होओस्, त्यो काम भनेको शिक्षा सम्बन्धी काम नै थियो । मेरा सामाजिक काम तपाईंहरुका जिम्मामा भन्दाभन्दै दीर्घराज कोइरालाले सबै काम पूरा हुन्छन् । प्रधानमन्त्रीले गरिदिनु हुन्छ । फिक्री नगर्नुहोस् भनेर विदा हुनुभयो । अरु हामी त्यहाँ छेउमा कुरा गर्दै थियौं । एकै छिनपछि १ बज्न ५ मिनेट बाँकी छँदा बोल्दाबोल्दै शिक्षासेवी उप्रेतीलाई सधैंका लागि विदा गर्नुपऱ्यो ।

*(संग्रौला देवीप्रसाद उप्रेती निजानन्द आश्रम कनकाई-९ घैलाडुब्बाका अध्यक्ष हुन् ।)*

## डस्टवीन वितरण



**गौरीगञ्ज, असार १०।** गौरीगञ्ज वडा नं. ३ वडा कार्यालयलले चोक तथा बजारक्षेत्र सरसफाई राख्न डस्टवीन वितरण गरेको छ ।

गौरीगञ्ज बजार तथा चोक क्षेत्रमा प्लाष्टिकजन्य अन्य फोहर वस्तुहरुलाई संकलन गर्न डस्टवीन वितरण गरिएको वडा नं. ३ का वडा सचिव सन्तोषकुमार मिश्रले जानकारी दिए । पसलबाट बिक्री गरिने गुट्खा, सूर्ती, बिस्कुट, कार्टुन लगायतका खोलहरु जथाभावी रुपमा फालिँदा चोक तथा बजार क्षेत्र दुर्गन्धित हुने भएकोले सफा बजार बनाउने उद्देश्यले डस्टवीन वितरण गरिएको वडा नं. ३ कि वडा सदस्य सरिता शेर्पाले बताइन् ।

वडा कार्यालयले एक लाख रुपैयाँमा एक सय ५० वटा डस्टवीन खरिद गरि प्रत्येक पसल अगाडि पसल धनीलाई रेखदेख गर्ने गरी जिम्मा लिने शर्तमा वितरण गरिएको जनाइएको छ । वडा नं. ३ कि वडाध्यक्ष मखना महतो गैदारको अध्यक्षतामा भएको कार्यक्रममा गौरीगञ्ज माविका प्रधानाध्यापक गोविन्दप्रसाद घिमिरे, इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रमुख टेकेन्द्र शर्मा पौडेल, ज्ञानोदय आवाशीय माविका प्रधानाध्यापक कल्पना थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।


**यूरोप मुलुक रोमानियामा वैदेशिक रोजगारको सुवर्ण अवसर**
**तेश्रो लटसम्म सफलतापूर्वक भिषा दिन सफल**

कम्पनी : MULTI PROFESSINOAL SOLUTION — देश : ROMANIA

पूर्व स्वीकृति मितिः २०७५/११/२८ — चलानी नं. ६०१३६१८८ — लट नं. २१६१७७

| क्र.स | कामदारको पद | संख्या | तलब USD $ | तलब नेपाली रु. | काम | खान/बस्न | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| १, | WAITER (Practical Required) | 20 | 517 $ | ५७,६००/- | ८ घण्टा ६ दिन | छ/छ | २ वर्ष |
| २, | COOK (Practical Required) | 15 | 517 $ | ५७,६००/- | | | |
| ३, | COOK HELPER | 40 | 517 $ | ५७,६००/- | | | |
| ४, | ROOM ATTENDANT | 20 | 517 $ | ५७,६००/- | | | |
| ५, | CLENAER | 40 | 517 $ | ५७,६००/- | | | |
| ६, | DISHWASHER | 15 | 517 $ | ५७,६००/- | | | |
| ७, | PASTRY COOK/CONFECTIONERY COOK (Practical Required) | 10 | 517 $ | ५७,६००/- | | | |
| ८, | BUTCHER FOR CHIKEN AND PORK | 10 | 517 $ | ५७,६००/- | | | |
| ९, | BARISTA/BARTENDER | 10 | 517 $ | ५७,६००/- | | | |

यसको प्रि-अन्तरवार्ता धमाधम भइरहेका छ ।

**फाइनल अन्तरर्वाता यही असार १९ (July-4) गते बिहीबारका दिन बिर्तामोड झापामा हुँदैछ ।**

Trust Nepal Overseas (P.) Ltd.
श्रम इजाजत नं. २५९/०५८/०५९

**ट्रष्ट नेपाल ओभरसिज प्रा. लि**
सम्पर्कः ९८५१०१६८०९, ९८५२६७४८०९, ९८०४९६१४१४, ९८०७९६३७९५



**तपाईंहरुको आफ्नै पत्रिका**
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक
**पूर्वाञ्चल दैनिक**

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल ( ९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगरः पार्थ मण्डल ( ९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल ( ९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी ( ९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई ( ९८०८७०७००७), घुर्विसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)